जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब ३४ दिन बाँकी

वर्ष २७ •अंक २४२ • २०८२ साल माघ १६ गते शुक्रबार (30 January, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## ट्यांकर चालक र व्यवसायी आन्दोलित

**टुडे समाचारदाता**

बारा । नेपाल आयल निगम प्रादेशिक डिपो अम्लेखगञ्जका स्वरोजगार ट्यांकर व्यवसायी र चालकहरूले आन्दोलित भएका छन् । बरौनी-अम्लेखगञ्जबाट पेट्रोलियम पदार्थको ढुवानी बन्द भएपछि १०४ वटा ट्यांकरलाई तत्कालका लागि आन्तरिक ढुवानी दिनुपर्ने माग राख्दै साना ट्यांकर व्यवसायी तथा चालकहरू आन्दोलित भएका छन् ।

उनीहरू बिहीबार एक घण्टा डिपोमा लोड/अनलोड ठप्प पारेका छन् । पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टितेल आयात हुन थालेपछि निगमले ट्यांकरबाट हुँदै आएको ढुवानीलाई पूर्ण रूपमा बन्द गरेको जनाएको छ ।

ढुवानी बन्द भएपछि १०४ वटा ट्यांकरलाई निगमले काठमाण्डु, पोखरा, भैरहवा र विराटनगर विमानस्थलमा हवाई इन्धन बोक्न प्रयोग गर्ने निर्णय गरेको छ ।

अखिल नेपाल मजदुर संघका अध्यक्ष मानसिङ लामाले १०४ वटा ट्यांकर मर्मतसम्भारका लागि तीनदेखि चार महिनासम्म पालो कुर्नुपर्ने बाध्यताका कारण स्वरोजगार साना ट्यांकर व्यवसायी र चालकहरूको रोजीरोटी नै खोसिने तथा बैंकको किस्ता बुझाउनसमे समस्या परेको बताए ।

## प्रतिनिधिसभा सदस्य निर्वाचन

# सिरहा- ४ मा पाँच पूर्वमन्त्री चुनावी मैदानमा

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सिरहा क्षेत्र नम्बर ४ मा पाँचजना पूर्वमन्त्री चुनावी मैदानमा प्रतिष्पर्धा गर्ने भएका छन् ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट टिकट नपाउने देखेपछि हतारहतारमा टिकट पाउनकै लागि धर्मनाथप्रसाद साहले माघ ५ गतेपछि नेकपा एमालेमा फर्किए । उनी एमालेबाट नै उम्मेदवारी दिएका छन् ।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा) बाट सिराहा-४ को उम्मेदवार दाबी गरे पनि साहले टिकट नपाउने भएपछि एमालेमा टिकटकै लागि सशर्त प्रवेश गरेका थिए । त्यसपछि नेकपाले अजय शंकर नायकलाई उम्मेदवार बनाएको छ ।

२०७९ को निर्वाचनमा तत्कालीन सत्ता गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीको उम्मेदवार बनेका साह जसपा उम्मेदवार वीरेन्द्र महतोसंग पराजित भएका थिए । महतोले एमाले-जसपा गठबन्धनबाट निर्वाचन जितेका थिए ।

महतोले २४ हजार १०२ मत ल्याउँदा जनमत पार्टीका वीरेन्द्रप्रसाद साहले १६ हजार २९४ मत ल्याएका थिए । त्यस्तै तेस्रोमा रहेका साहले भने १४ हजार ६५६ मत मात्रै ल्याउन सकेको थिए भने रास्वपाका विमलकुमार तिवारीले १ हजार ६ सय ८३ मत ल्याएका थिए ।

साहले २०५६ मा सोही क्षेत्रबाट एमाले उम्मेदवार बनेर नेपाली कांग्रेसका प्रदीप गिरीलाई पराजित गरेका थिए । २०६३ मा सामान्य प्रशासन राज्यमन्त्री समेत रहेका साहको उम्मेदवारी परेसंगै सिराहा- ४ मा पाँचजना पूर्वमन्त्री उम्मेदवार बनेका छन् ।

त्यस्तै नेकपाका अजय शंकर नायक पनि २०७३ सालमा कानून मन्त्री बनेका थिए । उनी २०७० को निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्र (हालको नेकपा) बाट समानुपतिक सांसद बनेका थिए ।

२०७९ मा निर्वाचन जितेका वीरेन्द्र महतो यसपटक भने जनमत पार्टीबाट उम्मेदवारी दिएका छन् । महतो २०८० सालमा वनमन्त्री बनेका थिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपालको तर्फबाट राजकिशोर यादवले उम्मेदवारी दिएका छन् । उनी २०७९ को निर्वाचनमा सिराहा- २ बाट निर्वाचित भएका थिए ।



२०७४ मा भने उनी सिराहा- ४ बाटै निर्वाचित भएका हुन् । २०६४ मा तत्कालीन मधेशी जनअधिकार फोरमबाट निर्वाचन जितेका यादवले २०७० मा भने पराजित भएका थिए ।

२०६९ सालमा तत्कालीन डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा सञ्चारमन्त्री रहेका यादव २०७८ सालमा केही समयका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीसमेत रहेका थिए ।

सो क्षेत्रमा उम्मेदवार बनेका अर्का पूर्वमन्त्री विश्वेन्द्र पासवान छन् । २०६४ र २०७० को निर्वाचनमा समानुपातिक सांसद बनेका पासवान २०७३ सालमा विज्ञान प्रविधि मन्त्री रहेका थिए । पूर्वमन्त्री पासवान भने यसपटक बहुजन शक्ति पार्टीबाट उम्मेदवारी दिएका छन् ।

यस क्षेत्रमा कांग्रेसले चन्द्रकला कुमारी यादवलाई उम्मेदवार बनाएको छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट तपेश्वर यादव उम्मेदवार बनेका छन् ।

२०७९ को निर्वाचनमा यस क्षेत्रबाट समानुपातिक तर्फ सबैभन्दा धेरै मत जनमत पार्टीले पाएको थियो । जनमत पार्टीले १६ हजार १६० मत ल्याउँदा जसपाले १० हजार ८५१ मत ल्याएको थियो । एमालेले भने ९ हजार १०७ ल्याउँदा चौथोमा रहेको माओवादीले ६ हजार ६६५ मत प्राप्त गरेको थियो ।

त्यस्तै नेपाली कांग्रेसको समानुपातिक मत ६ हजार २१९ थियो भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले ३ हजार ७७९ मत लयाएको थियो ।

तत्कालीन नेकपा एकिकृत समाजवादी (हालको नेकपा) ले ३ हजार ८६ मत ल्याएको थियो भने रास्वपाले १८ सय ल्याएको थियो ।

२०७९ सालको स्थानीय निर्वाचनमा भने यस क्षेत्रमा एमालेले धेरै वडा जितेको थियो । यो क्षेत्रमा मिर्चैया नगरिपालिका, कर्जन्हा नगरपालिका,कल्यापुर नगरपालिका, विष्णुपुर गाउँपालिकाको ३ र नरहा गाँउपालिकाको ३ वटा गरी ४१ वटा वडा पर्छन् ।

यसमध्ये एमालेले १५ वटा वडा जितेको थियो भने जसपाले ९ र माओवादी केन्द्रले ६ वटा जितेको थियो । त्यस्तै नेपाली कांग्रेसले ५, जनमत पार्टी र नेकपा एकीकृत समाजवादीले २/२ वटा वडा जितेको थियो भने २ जना स्वतन्त्र उम्मेदवारले २ वटा वडा जितेका थिए ।

# पर्सा निकुञ्जमा बाघ गणना

**टुडे समाचारदाता**

जनकपुरधाम । पर्सा र चितवन राष्ट्रिय निकुञ्जको तेस्रो खण्डमा बाघको गणना थालिएको छ । यसअघि पर्सा र चितवनको दुई खण्डमा बाघको गणना गरेपछि तेस्रो खण्डमा गणना गर्न सुरआत गरिएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले चितवन-पर्सालाई तीनवटा ब्लकमा बाँडेर बाघ गणना गरिँदै आइरहेको जानकारी दिए ।

वरिष्ठ इकोलोजिष्ट आचार्यले भने, 'चितवन-पर्सा राष्ट्रिय निकुञ्जमा तीन ब्लकमा बाँडेर बाघ गणनाको काम भइरहेको छ, चितवन-पर्सा क्षेत्रमा दुई खण्डमा बाघको गणनाको काम सकिएको छ । तर त्यसको डाटा प्रशोधनलगायतका काम भने अझैं बाँकी नै छन् ।'



उनले भने, 'चितवन-पर्साको तेस्रो खण्डको काम गर्नका लागि विभिन्न स्थानमा स्वचालित क्यामेरा जडानको काम अघि बढेको छ । क्यामेरा जडान कार्य शनिबारसम्म चल्नेछ ।'

क्यामेरा जडान गरिसकेपछि १५ दिन र रातको समयमा बाघको 'मुभमेन्ट'लाई निगरानी गरिनेछ । क्यामेरामा 'रेकर्ड' भएको बाघको गतिविधिका आधारमा बाघको संख्या यकिन गरिनेछ ।

उनले चितवन र पर्साको पहिलो र दोस्रो खण्डमा देखिएका सबल र दुर्लभ पक्षलाई मध्यनजर गर्दै अझै व्यवस्थित ढंगले सबै निकायसँग समन्वय गरेर बाघ गणनाको काम अघि बढाउन निर्देशन दिए ।

उनले भने, 'पहिलो र दोस्रो खण्डमा देखिएका जटिलता र चुनौतीलाई ध्यान दिँदै सरोकारवाला निकायबीच समन्वय र सहकार्य गरेर बाघ गणना कार्यलाई प्रभावकारी ढङ्गले अघि बढाउनुहोला,' उनले अघि थप्दैं भने, 'बाघ गणनाका लागि स्वचालित क्यामेरा जडानलगायतका कार्यमा पनि संवेदनशील र सुरक्षित उपाय अवलम्बन गर्न जरुरी छ । सोतर्फ ध्यान दिन अनुरोध गर्दछु ।'

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले तेस्रो खण्डको बाघ गणना गर्न १२ क्याम्पबाट सात-सात जनाको टोली खटाइएको बताए । उनले भने, 'तेस्रो भागको बाघ गणना गर्नका लागि यहाँ सात-सात जनाको टोलीले बाघ आवतजावत र हिँड्डुल गर्ने ठाउँलाई लक्षित गरेर ३२८ जोडा स्वचालित क्यामेरा जडान गरिनेछ,' उनले अघि थप्दैं भने, 'ती स्वचालित क्यामेराले १५ दिन र रातको समयमा बाघको गतिविधिलाई कैद गर्नेछ । जसबाट आउने तथ्यांकबाट बाघको गणना गर्न सकिनेछ ।'

पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले पर्सा निकुञ्जभित्र पर्ने विभिन्न १२ स्थानमा क्याम्प राखेर बाघ गणनाको काम अघि बढाइएको बताए । क्याम्पमा रहेका टोलीका सदस्यले क्यामेरा जडानदेखि निगरानी लगायतका काम गर्नुपर्नेछ ।

भाठ्ठाको दुई ठाउँमा क्याम्प गराइनेछ । त्यस्तै शीतलपुर, महादेवपट्टि, अमलेखगञ्ज, चुरियामाई, रातोमाटे, सहजनाथ, निजगढ, चपुर, घोडेमसान, तामागढी लगायतमा सात-सात जनाको टोली खटिएर ३२८ जोडी स्वचालित क्यामेरा जडान गरेर बाघको निगरानी गरिनेछ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा गत पुस ३ गतेदेखि शुरु भएको थियो ।

चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. गणेश पन्तले चितवन र पर्साको पहिलो र दोस्रो खण्डको बाघ गणनाको काम सकेर क्यामेरा निकालिसकेको बताए । 'एक खण्डमा बाघको गणना गर्न राखेको स्वचालित क्यामेरा १५




दिन र रात राखेपछि आवश्यक प्रक्रिया पूरा गरेर निकाल्ने गरिन्छ,' उनले भने, 'क्यामेरा जडान गर्न र निकाल्नका लागि औसतमा दुई-तीन दिन लाग्ने गर्छ ।' स्वचालित क्यामेरा ४० देखि ६० सेन्टिमिटरमा राख्ने गरिन्छ ।

उनले भने, 'बाघ गणनाका लागि सरिक हुने गणकहरुले आफ्नो सुरक्षामा कुनै पनि खालको कमीकमजोरी नगर्नका लागि अनुरोध गर्दछु ।' उनले पहिलो र दोस्रो खण्ड बाघ गणनाका क्रममा जङ्गली हात्ती तथा बाघको कारणले २४ वटा क्यामेरामा क्षत पुगेको जानकारी दिए । निकुञ्जका अनुसार पहिलो र दोस्रो खण्डमा गरेर एक हजार २०४ जना स्वचालित क्यामेरा प्रयोग गरिएको थियो ।

संरक्षण अधिकृत हेमराज आचार्यका अनुसार एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर बाघ गणना गरिँदै आइरहेको छ । क्यामेरा दुई-दुई वर्गकिलोमिटरको दूरीमा राख्ने गरिन्छ ।

हरेक चार वर्षमा बाघ गणना गरिँदै आइएको छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी हुने गर्छन् ।

बाघको तस्बीर हेरर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याउने गरिन्छ । यस अघि सन् २०२२ मा गरिएको बाघ गणना अनुसार नेपालमा ३५५ वटा बाघ रहेको तथ्यांक सार्वजनिक गरिएको थियो । चितवन राष्ट्रिय निकुञ्जमा १२८ र पर्सा राष्ट्रिय निकुञ्जमा ४१ बाघ भेट्टिएको थियो । बाँकी अन्य ठाउँमा भेट्टिएका थिए ।



# यमुनामाई गाउँपालिकामा विवाद



**टुडे समाचारदाता**

रौतहट । रौतहटको यमुनामाई गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत नियुक्ति प्रक्रियालाई लिएर प्रशासनिक विवाद चर्किएको छ। गाउँपालिका अध्यक्ष महमद सउदमाथि किर्ते पत्र र चलानी नम्बर दुरुपयोग गरी नियुक्ति सिफारिसको प्रयास गरिएको आरोप लागेको छ ।

केही दिनअघि सामाजिक सञ्जालमा दुई जना स्वास्थ्यतर्फका कर्मचारीको सरुवा सहमतिसम्बन्धी पत्रहरू सार्वजनिक भएका थिए । ती पत्रहरू नक्कली तथा किर्ते भएको दाबी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वकिल प्रसाद पालले गरेका छन् ।

पालका अनुसार सार्वजनिक भएका पत्रहरूमा प्रयोग गरिएका चलानी नम्बरहरू दोहोरिएको पाइएको छ । उनले यस विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइसकेको बताए । "उक्त पत्रहरू आधिकारिक नभई किर्ते प्रकृतिका छन्," पालको दाबी छ।

उनले अध्यक्ष सउद, वडा नम्बर-१ का वडाध्यक्ष नन्दलाल राय यादव र राम श्रेष्ठ राय यादवबीच मिलेमतो भएको आशंकासमेत व्यक्त गरेका छन् । पालका अनुसार गाउँपालिकाको लेटरप्याड दुरुपयोग गर्दै पहिले नै प्रयोग भइसकेका चलानी नम्बर राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको देखिएको छ।

उनका अनुसार चलानी नम्बर ४२० मिति २०८२/०८/१६ मा दर्ता भएको विषय र सोही नम्बरलाई फरक मिति तथा आशयमा प्रयोग गरिएको विवरण चलानी रजिस्टरमा नमिल्ने देखिएको छ । यस्तै, मिति २०८२/०९/०९ मा चलानी भइसकेको नम्बर ४५९ समेत अर्को पत्रमा दोहोऱ्याएर प्रयोग गरिएको दाबी गरिएको छ।

त्यसैगरी मिति २०८२/०९/०५ मा कार्यपालिका बैठक बसेको भनिए पनि त्यसबारे आफूलाई कुनै जानकारी नभएको प्रमुख प्रशासकीय अधिकृत पालले बताएका छन्। सो बैठकबाट राम श्रेष्ठ राय यादवलाई पुनः निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाउने निर्णय गरिएको दाबी गरिएको थियो ।

पालले निर्वाचित जनप्रतिनिधिबाट यस्ता गतिविधि हुनु दुःखद र आपत्तिजनक भएको उल्लेख गर्दै यसले स्थानीय सरकारप्रति नागरिकको विश्वासमा असर पर्ने बताएका छन् । यद्यपि यस विषयमा हालसम्म औपचारिक अनुसन्धान प्रक्रिया अघि नबढेको जनाइएको छ।

यस विषयमा गाउँपालिका अध्यक्ष महमद सउदले भने आफूमाथि लगाइएका आरोपहरू असत्य भएको दाबी गरेका छन् । उनले किर्ते सिफारिस र कथित बैठकसम्बन्धी सबै आरोप निराधार रहेको प्रतिक्रिया दिएका छन् । यसका साथै, प्रमुख प्रशासकीय अधिकृत पाललाई प्रत्यक्ष भेटेर कुरा गर्नसमेत चुनौती दिएको बताएका छन् ।

## 'पार्टीभित्र आन्तरिक लोकतन्त्र र समावेशिता बलियो हुनुपर्नेमा जोड'

काठमाण्डु । राजनीतिक दलका नेताहरुले पार्टीभित्र आन्तरिक लोकतन्त्र र समावेशिता बलियो हुनुपर्नेमा जोड दिएका छन् ।

नेपाल मतदाता अधिकार मञ्चले विहीबार आयोजना गरेको 'राजनीतिक दलमा आन्तरिक लोकतन्त्र र समावेशिताको अवस्था' विषयक अन्तरक्रिया संविधानमा व्यवस्था भएअनुसारको समावेशिता राजनीतिक दलहरुले कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन । नेकपा (एमाले) का नेता विशाल भट्टराईले आफ्नो पार्टीले केन्द्रीय कमिटीमा ३६ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको र विधानले तोकेको ३३ प्रतिशतको सीमाभन्दा माथि महिलाको प्रतिनिधित्व रहेको बताउनुभयो । उहाँले संविधानअनुसार सबै राजनीतिक दलले वर्गीय र जातीय समावेशीतामा काम गर्दै पार्टीको आन्तरिक लोकतन्त्रलाई थप बलियो बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता डा जनक साहले पुरानो राजनीतिक संरचनामा रूपान्तरण नगरेसम्म जनताको अपेक्षा पूरा हुन नसक्ने र नेपालका सबैजसो राजनीतिक दलहरुमा पुनःसंरचना आवश्यक रहेको छ । रासस

## अब प्रादेशिक ललितकला प्रदर्शनी माघ २५ देखि हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोष जनकपुरधामको संयुक्त आयोजनामा हुने भनिएको ' मधेश प्रदेश प्रादेशिक ललितकला प्रदर्शनी-२०८२' अब माघ २५ गतेदेखि हुने भएको छ।

यसअघि माघ १६ गतेदेखि शुरु हुने तय भएको प्रदर्शनी अब माघ २५ गतेदेखि मैथिली विकास कोषको भवनमा आयोजना गरिने आयोजक संस्थाले जनाएको छ ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले आवश्यक तयारी, प्रविधिक व्यवस्थापन तथा प्रदर्शनीस्थलको समुचित व्यवस्थापनका कारण कार्यक्रमको मिति सार्नुपरेको बताए ।

उनले मधेश प्रदेशका कलाकारहरूको सिर्जनालाई राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको उल्लेख गर्दै सबै कलाकार, कला प्रेमी तथा सरोकारवालालाई नयाँ मितिमा सहभागिता जनाउन आग्रह गरे ।

यस प्रदर्शनीमा मधेश प्रदेशका विभिन्न जिल्लाका कलाकार हरूको चित्रकला, मूर्तिकला, हस्तकला तथा समसामयिक कला कृतिहरू प्रदर्शन गरिने आयोजकले जनाएको छ ।

## रविदास जयन्तीमा सार्वजनिक विदा



**टुडे समाचारदाता**

जनकपुरधाम । रविदास जयन्तीको अवसरमा माघ १८ गते आइतबार प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

रविदास जयन्ती (माघ पूर्णिमा) का अवसरमा आइतबार सार्वजनिक विदा दिने निर्णय भएको मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशंकर प्रसाद पालले जानकारी दिएका छन् ।

दलित तथा सीमान्तकृत समुदायले विशेष श्रद्धा र भक्तिका साथ रविदास जयन्ती मनाउने गरेका छन् ।

रविदास जयन्ती मनाउने समुदायको सम्मानस्वरुप सार्वजनिक बिदा दिने निर्णय गरिएको गृह मन्त्रालयका प्रवक्ता पालले बताए ।

### प्रतिनिधिसभा निर्वाचनः

# नदी नियन्त्रण र वन संरक्षण मतदाताका मुख्य माग

महोत्तरी । जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ मा चुनावी चहलपहल सुरु भएको छ । चुरे क्षेत्र ओगटेको यस क्षेत्रमा वन सम्पदा संरक्षण र नदी नियन्त्रण मतदाताका मुख्य माग बनेका छन् ।

जिल्लाको सुदूरउत्तरका बर्दिबास नगरपालिकाका १४ (सबै), गौशालाका १२ (सबै) र भङ्गाहाका चार वडा ( ३, ४, ५ र ९) समेत जम्मा ३० वडा महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्रमा पर्छन् । जिल्लाका रातु, जङ्घा, मरहा, टुटेश्वर, ओक्सी, बडहरी, भब्सी र खयरमारासहितका नदीको उद्गमस्थल चुरे भएकाले बर्सेनि बाढीको चपेटामा यस क्षेत्रका बासिन्दा पर्दै आएका छन् ।



यसैगरी जिल्लामा नदीजन्य पदार्थको उत्खनन र वन सम्पदाको दोहनले बाढीले हुने क्षति बढाउँदा यस क्षेत्रका बासिन्दा आजित छन् । त्यसैले यहाँ नदी नियन्त्रण र वन सम्पदाको संरक्षण आम जनताको चासो बनेको यसै क्षेत्रको भङ्गाहा-७ मेघरोलका बासिन्दा चुरेविज्ञ विजयकुमार सिंह बताउनुहुन्छ ।

"यहाँको मुख्य दुःख नै चुरेका थुम्का र नदी उत्खनन तथा वन सम्पदाको अतिक्रमण हो, यसले बर्सेनि प्राकृतिक विपत्ति बढाउँदै लगेको छ", उहाँ भन्नुहुन्छ, "यसका लागि नीति निर्माणकै तहमा समस्या छन्, त्यसैले प्रतिनिधिसभाको निर्वाचन अभियानमा दल र उम्मेदवारले यी पक्षमा स्पष्ट दृष्टिकोण राख्नैपर्छ ।"बर्दिबास, गौशाला र भङ्गाहा नगर क्षेत्रमा अवैधानिक रुपमा सञ्चालित ५० भन्दा बढी क्रसर उद्योगले गर्दै आएका उत्खननबाट आजित छन् । "जथाभावी ठूलठूला खाल्डा बनाएर बालुढुङ्गा निकालिदो छ, बर्सेनि यी खाल्डामा परेर मान्छे मर्दाछन्, कहिल्यै नचेत्ने भए", भङ्गाहा-४ रामनगरका हीरालाल महतो भन्नुहुन्छ, "अहिले चुनावका बेला मुख्य रुपले दलहरुबाट यसबारे स्पष्ट धारणा सार्वजनिक गरिनुपर्दछ।

पूर्वपश्चिम राजमार्गको उत्तर दक्षिणमा पर्ने यो क्षेत्र वर्षा याममा बाढी कटान र हिउँदमा सुक्खाको मारमा पर्दै आएको छ। अधिकांश बलौटे माटो भएको यो क्षेत्रका बासिन्दाको मुख्य पेसा खेतीपाती नै हो । यहाँका सबैजसो नदीको उद्गमस्थल रहँदा पनि सिँचाइको भरपर्दो व्यवस्था नरहँदा यहाँका किसान आकास ताकेर खेती गर्न बाध्य छन् । त्यसैले यहाँका मतदाता दलहरुबाट वन सम्पदाको संरक्षण, नदी नियन्त्रण र सिँचाइ सुविधाका विषयमा दल र उम्मेदवारबाट प्रतिबद्धता खोज्दैछन् ।

क्षेत्र नम्बर-१ मा १३ राजनीतिक दलका र स्वतन्त्र १२ गरी जम्मा २५ जना प्रत्याशी छन् ।

तीमध्ये स्वतन्त्र तीन र दलका दुईसहित पाँच जना महिला उम्मेदवार छन् । निर्वाचन अभियानमा मतदातासँग भेट्न पुग्ने सबैजसो उम्मेदवारले अहिले यी प्रश्नको सामना गर्नुपरेको मङ्गोल नेशनल अर्गनाइजेसनका उम्मेदवार रमेशकुमार सिंह बताउनुहुन्छ । "मतदाताले मुख्य रुपले सिँचाइ, नदी नियन्त्रण र सम्पदाहरुमाथिको अवैध दोहन नियन्त्रणको विषय उठाएका छन्", सिंह भन्नुहुन्छ, "सबैको साझा सङ्कल्पले यी मुद्दाको समाधान खोजिन पर्दछ ।"

यस क्षेत्रमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, श्रम संस्कृति पार्टी, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीका उम्मेदवार दलगत प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । यसैगरी प्रतिस्पर्धामा सामेल अन्य दलमा राष्ट्रिय प्रजातन्त्र पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन, नेकपा संयुक्त र उज्यालो नेपाल पार्टी छन् । यी दलका १३ अतिरिक्त स्वतन्त्र उम्मेदवार १२ जना प्रतिस्पर्धामा हुनुहुन्छ ।निर्वाचन कार्यक्रम तालिकाअनुसार माघ ६ गते मनोनयनपत्र दर्ता गरेर अन्तिम सूचीमा रहेका उम्मेदवारले गत शुक्रबार निर्वाचन चिह्न पाएसँगै मतदातासँगको भेटघाट बढाएका छन् । उम्मेदवार र दलका कार्यकर्ताको सघन आउजाउ बढेसँगै यहाँका बस्तीबस्तीमा चुनावी चहलपहल बढेको छ ।

"भर्खर उम्मेदवार आउन थालेका छन् , हामी यिनीहरु के भनेर भोट माग्दैछन्, ध्यानपूर्वक सुन्दैछौं", भङ्गाहा-४ रामनगरका ३० वर्षीय रामईश्वर ठाकुर भन्नुहुन्छ, "भ्रष्टाचार अन्त्य र सुशासनको अनुभूति जनतालाई दिलाउनु मुख्य कुरा हो, यस कुरामा कसले विश्वास दिलाउँछन्, यो हेर्न बाँकी छ ।" भोट माग्न आउँनेहरूसँग नदी र वन सम्पदाको अवैध दोहन नियन्त्रण, तटबन्ध निर्माण र सिँचाइका विषय प्राथमिकता साथ उठाइने उहाँ बताउनुहुन्छ ।

उम्मेदवार घरआँगनमै आइपुग्दा सर्वसाधारण किसान समयमा बीउबिजन नपाएको, सिँचाइको प्रबन्ध नहुँदा आकासेपानीको भरले खेती गर्नुपरेको र आफ्नो उत्पादन कौडीको मोलमा बेच्नुपरेको दुखेसो सुनाउन चुक्दैनन् । यसरी आफूहरुले समस्या सुनाउँदा सबैजसोले कृषि आफ्नो प्राथमिकतामा रहेको बताउँदै आएका यसअघिकै चुनावदेखि नै सुन्दै आइएको बर्दिबास-७ मनहरिपुरका ७५ वर्षीय किसान विन्देश्वर यादव बताउनुहुन्छ । "धेरैजसोका उही पुरानै कुरा छन्, हामी गर्छौं भन्छन्", यादव भन्नुहुन्छ, "सबै आउन्, सबैको कुरा सुनौँ, अनि भोट दिने कुरा निधो गरौँला ।"

उम्मेदवार र दलका कार्यकर्ता बस्तीबस्तीमा मतदाता भेट्दै गर्दा अहिले जताततै चुनावी चर्चा बढेको छ । यसपालिको निर्वाचन निश्चित समयावधि पहिले नै हुन लागेको हुँदा धेरै कुरा विचार गरेर मतदान गरिने नयाँ पुस्ताका युवा बताउँछन् । "हाम्रो कसैसँग शत्रुता छैन, तर मुख्य कुरा योग्य उम्मेदवार छनोटको हुनैपर्छ", गौशाला-१० लक्ष्मीनियाँ बटुवाका २८ वर्षीय विवेक कुशवाहा भन्नुहुन्छ, "जनताका आवश्यकता बुझ्नसक्ने र विधिको अवलम्बन गर्ने उम्मेदवार चयन गरिनुपर्छ", आफूहरु यसपालि नाता, सम्बन्ध, जातपातका कुराबाट पर रही योग्य उम्मेदवार पहिचान गरेर मतदान गर्ने कुशवाहाको भनाइ छ ।

निर्वाचनसँग जोडिएर उम्मेदवार र दलका कार्यकर्ताको बढ्दो चहलपहल र बस्तीबस्तीमा सर्वसाधारणले गर्ने चुनावी आकलनले अहिले महोत्तरी-१ को माहोल चुनावमय बनेको छ ।

निर्वाचनमा यसक्षेत्रबाटै विगतमा तीन पटक प्रतिनिधित्व गरिसक्नुभएका पूर्वमन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टीबाट र निवर्तमान प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी नेकपा (एमाले)बाट उम्मेदवार हुनुहुन्छ । यसैगरी, नेपाली कांग्रेसबाट मुकेश काफ्ले, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमोदकुमार महता र जनता समाजवादी पार्टीबाट योगनारायण महतो उम्मेदवार हुनुहुन्छ ।

निर्वाचन परिणामबारे भविष्यवाणी गर्ने बेला नभएको बुद्धिजीवी बताउँछन् । रासस

# ७८ वर्षका उमेरमा नागरिकता पाएपछि कपलेश्वरीले भनिन,'अब ढुक्कले मर्छु'

सिरहा । अठहत्तर वर्षको उमेर, चाउरिएका गाला र थकित अनुहार । बुढेसकालमा नागरिकताको लागि कपलेश्वरी यादवको पछिल्लो आठ वर्ष वडा कार्यालय र जिल्ला प्रशासनको कार्यालय धाउँदै बित्यो ।

स्थानीयवासीहरु भन्दथे, "अब यो उमेरमा के नागरिकता बनाउँछौं आमा ?" तर, यादवलाई 'अनागरिक' भएर मर्ने इच्छा थिएन । बुधबार जब सिरहाको जिल्ला प्रशासन कार्यालयबाट उहाँले आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभयो, उहाँका आँखा रसाए । हर्ष र बेदना एकैपटक छचल्कियो । यो केवल एउटा कागजको पाना थिएन, उहाँको आठ वर्षको सङ्घर्ष र तिरस्कारपछिको विजय थियो ।

औरही गाउँपालिका–३ पिपरामा जन्मिनुभएकी यादवले २०२३ सालमा नवराजपुर-४ का बौवेलाल यादवको कान्छी श्रीमतीका रूपमा भित्रिनुभएको थियो । जेठी श्रीमतीका चार छोरी भए पनि कपलेश्वरीका आफ्नै सन्तान भएनन् । २०३१ सालमा श्रीमान्को निधन भएपछि उहाँ सहाराविहीन हुनुभयो । आफ्ना नातेदार र माइतीतर्फका दाजुभाइ सबैको वंशजको नागरिकता भए पनि कपलेश्वरी भने नागरिकताको मूल ढोकामै रोकिनुभएको थियो । श्रीमान्को मृत्युपछि अंशका लागि उहाँले अदालतमा 'हक कायम' मुद्दा लडेर जित्नुभयो । अंश मुद्दा जितेर साढे ११ धुर जग्गा त पाउनुभयो, तर त्यही जग्गाको लालपुर्जा र आफन्तका सबै प्रमाण हुँदाहुँदै पनि उहाँले नागरिकता पाउन सक्नुभएन ।



माइतीले दिएको छ कट्ठा जग्गा पनि उहाँकै नाममा थियो । तर, विडम्बना ! नागरिकता नहुँदा न उहाँले त्यो जग्गा बेचबिखन गर्न पाउनुभयो, न आफूलाई बुढेसकालमा पाल्ने नातिको नाममा नामसारी गर्न नै सक्नुभयो । उहाँको बाटोमा तगारो बनेका थिए, गाउँकै जनप्रतिनिधि । विभिन्न कारणले वडा कार्यालयले सिफारिस दिन पटक-पटक इन्कार गरिरह्यो । उहाँमाथि 'स्थानीय बासिन्दा नै नभएको' झुटो मुद्दासमेत हालियो । "आफ्नै गाउँमा पराई जस्तो हुनुपर्दाको पीडा सुनाउने ठाउँ कतै थिएन," ती दिन सम्झदै उहाँका नाति रामपरीक्षण यादव भन्नुहुन्छ ।

कपलेश्वरीका आफूपट्टिका न त सन्तान छन्, न सहारा दिने श्रीमान् । बुढेसकालले छोप्दै ल्याएपछि उहाँलाई एउटै चिन्ता थियो, अब बाँकी जीवन कसरी काट्ने ? सरकारले दिने सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता) पाउन पनि नागरिकता अनिवार्य थियो । तर, वडाको दैलोबाट रित्तो हात फर्किंदा उहाँ धेरै पटक रुनुभएको थियो ।

सञ्चारमाध्यममा नागरिकता प्राप्तिको लागि उहाँले गर्नुभएको सङ्घर्षको कथा आएपछि र गाउँपालिका अध्यक्ष शिवउद्गार यादवले विशेष पहल गरेपछि आठ वर्षपछि मात्र उहाँको प्रशासनिक उल्झन सुल्झियो । अदालतको ढोका र प्रशासनको चक्कर सकिएपछि बल्ल उहाँले राज्यको नागरिक हुनुको गौरव महसुस गर्नुभएको छ ।

आफ्नी हजुरआमाको हकका लागि वडादेखि अदालतसम्म धाउने नाति रामपरीक्षण यादव अहिले निकै खुसी हुनुभएको छ। उहाँले प्रफुल्लित हुँदै भन्नुभयो,"हजुरआमाले यो उमेरमा आएर न्याय पाउनुभयो, यसैमा म धेरै खुसी छु । नागरिकता नहुँदा उहाँले आफ्नो जग्गा जमिनको उपभोग गर्न पाउनुभएको थिएन र वृद्ध भत्ताबाट पनि वञ्चित हुनुहुन्थ्यो ।

अब उहाँले राज्यको नागरिक हुनुको गौरव महसुस गर्न पाउनुहुनेछ । यो हाम्रो परिवारका लागि ठूलो जित हो।"नागरिकता सुम्सुम्याउँदै कपलेश्वरीले भावुक भएर भन्नुभयो,"छोराछोरी छैनन्, सहारा दिने कोही थिएन । अब सरकारले दिने भत्ताले थोरै भए पनि ओखतीमुलो र खाने खर्च पुग्छ । कम्तीमा अब आफ्नै देशको नागरिक भएर ढुक्कले मर्न पाउने भएँ ।"

७८ वर्षको उमेरमा पाएको यो नागरिकताले कपलेश्वरीलाई केवल आर्थिक राहत मात्र होइन, एउटा परिचय र सम्मान पनि दिएको छ । आफ्नी हजुरआमाले आठ वर्ष भोग्नुपरेको सास्ती सम्झँदै नाति रामपरीक्षण राज्यसंयन्त्रलाई प्रश्न गर्नुहुन्छ,।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम २१, (कुर्था) घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८२/१०/१३ गते करिब राति ०८:३० बजे प्र. ०१-०२-०५९ प ६२७९ नम्बरको कालो रंगको ईन्जिन नं. PFXPSG-65635 चेचिस नम्बर MD2B63AX5SPG-53242 को बजाज कम्पनीको Platina 100 CC रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः नसिरुल अंसारी**
**ठेगानाः जनकपुरधाम -२१, (कुर्था)**
**मो. नं. ९८१४७९०५८३**


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । सञ्चित धन खर्च हुनेछ ।
**वृष :** राजनीतिक क्षेत्रमा संगठनले साथ दिनेछ। खान रुचि नहुने जोखिम छ ।
**मिथुन :** अचानक धन नास हुने जोखिम छ। खर्च गर्नु अगाडि सचेत बन्नु राम्रो हुनेछ ।
**कर्कट :** आफुले आफूलाई चिन्न नसक्दा समस्या बल्झिन सक्छ ।
**सिंह :** साथीको सहयोगमा रमाइलो गर्ने समय हो । खानपानमा सचेत बन्नु राम्रो हुन्छ ।
**कन्या :** धनलक्ष्मी योग परेको छ । लक्ष्मीप्रति भक्ति राख्नु राम्रो हुनेछ ।
**तुला :** शिक्षाको क्षेत्रमा ढिलासुस्ती बढ्नेछ । दान गरेमा मन शान्त हुनेछ ।
**वृश्चिक :** परिवारमा खटपटी बढ्ने योग छ ।
**धनु :** आजको लगानीबाट फाइदा हुनेछ । शेयर कारोबारमा फाइदा हुनेछ ।
**मकर :** लगानी गर्न अगाडि नबढ्नु राम्रो हुनेछ । एकल लगानी भने घातक हुनेछ ।
**कुम्भः** मुल त्रिकोणमा शुभग्रह बसेका छन् । लगानीका क्षेत्रमा फाइदा हुनेछ ।
**मीन :** पश्चिमको यात्रा नगर्नु राम्रो हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको गोडैता नगरपालिका-६, स्थित महालक्ष्मी चिनी उद्योगमा उखुको तौल लिन प्रतीक्षामा लामबद्ध राखिएका उखु बोकेका साधनहरू। यहाँ तौलका लागि लामो समय पर्खनु पर्ने बाध्यता रहेको किसानहरूको गुनासो छ।
*तस्बिर : रासस*

# ‘सहरी स्वच्छता कायम गराउने दायित्वमा गल्ती गर्ने छुट कसैलाई छैन’

काठमाण्डु, काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सहरी सरसफाइ र स्वच्छता कायम गराउने दायित्वमा गल्ती गर्ने छुट कसैलाई नभएको बताउनुभएको छ।



फोहर सङ्कलन, वर्गीकरण र ढुवानी गर्ने निजी क्षेत्रका प्रतिनिधिहरुसँग सहरी सरसफाइको अभ्यास, यसको दिगोपनाका लागि गर्नुपर्ने नीतिगत र व्यावहारिक सुधारका पक्षमा उहाँले छलफल गर्नुभएको थियो। सो छलफलका क्रममा प्रमुख डङ्गोलले सहरका सडक, सडक किनारा, ढल प्रणाली, पार्क, गल्ली, चोक र मानिसका घरका ढोका कतै पनि फोहरका पोका थुप्रिएको अवस्थामा नराख्न मातहतका निकायलाई निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, “तोकिएको समय र विधिबाट फोहर सङ्कलन हुनुपर्छ। सडक बढार्नुपर्छ। सहरी सरसफाइमा फोहर उत्पादकदेखि व्यवस्थापकसम्म सबैको जिम्मेवारी छ। आफू जिम्मेवार नबन्ने, अरुलाई दोष देखाउने प्रवृत्तिलाई निरुत्साहित गर्दै जानुपर्छ।”

उहाँले नागरिकसँग जोडिएका विषय महानगरको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो। छलफलमा निजी क्षेत्रको प्रतिनिधित्व गर्दै ध्रुवप्रसाद आचार्य र मित्र घिमिरे सहभागी हुनुहुन्थ्यो। उहाँहरुले महानगरपालिकाका निर्देशनको पूर्ण कार्यान्वयनमा प्रतिवद्धता जनाउनुभयो। छलफलमा फोहरलाई स्रोतमा वर्गीकरण गर्ने, सङ्कलन गर्ने समय र विधि निश्चित गर्ने, फोहर सङ्कलन गर्न जानु पूर्व सूचना दिने जस्ता विधिलाई अभ्यास गर्नेलगायतका विषयमा कुराकानी भएको थियो।

कामपाले घरेलु फोहरसँगै उत्पादन हुने सुक्खा फोहर बिक्री गर्न सात क्षेत्रमा विभाजन गरेर आय ठेक्का लगाएको पनि वातावरण विभागले जनाएको छ। रिफ्युज, रिड्युस, रियुज, रिपेयर र रिसाइकल फोहरको दिगो व्यवस्थापनका विधिलाई महानगरले प्रवर्द्धन गरिरहेको जनाएको छ।रासस

# मध्यरातमा यसरी लुटपाट मच्चाउथ्यो विनय तामाङको समूहले

काठमाण्डु। पछिल्लो तीन महिनायता काठमाडौँका विभिन्न प्रहरी युनिटमा दैनिकजसो लुटपाटका घटनाको उजुरी दर्ता हुनेक्रम बढ्न थालेको थियो। दैनिक दर्जनौं लुटपाटका उजुरी आउन थालेपछि जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी अधिकारीलाई चिन्तित बनायो।

उक्त चुनौतीपूर्ण घटनालाई नियन्त्रणमा लिएर समाजमा अमञ्चयन कायम गराउन काठमाडौँ प्रहरीले ‘अपरेसन स्न्याचिङ’ सञ्चालन गर्ने निर्णय गर्‍यो। त्यसक्रममा प्रहरीले विभिन्न शङ्कास्पद क्षेत्रमा ‘चेक प्वाइन्ट’ राखेर निगरानी बढायो। काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा लुटपाट आतङ्क मच्चाइरहेको सो समूहलाई प्रहरीले गएराति काठमाडौँको मूलपानीबाट गोली प्रहार गरी नियन्त्रणमा लियो। जिल्ला प्रहरी परिसर काठमाडौँले आज पत्रकार सम्मेलन गरी लुटपाटमा संलग्न समूहका नाइके विनय तामाङसहित १० जनालाई बरामद गरिएको सामग्रीसहित सार्वजनिक गरेको छ।

प्रहरीले काभ्रेपलाञ्चोकका २३ वर्षीय विनय, २० वर्षीय सलोन तामाङ, १८ वर्षीय राजीव भण्डारी र २९ वर्षीय पेमा तामाङ,



सिन्धुलीका २४ वर्षीय आयन माझी र ३२ वर्षीय सविन माझी, मोरङका २३ वर्षीय मनिस रसाइली, रामेछापका २२ वर्षीय विशाल तामाङ, खोटाङका २८ वर्षीय विदुर विश्वकर्मा र सिन्धुपाल्चोकका २९ वर्षीय फुर्वा तामाङलाई पक्राउ गरेको हो। उनीहरुका साथबाट बा १२ च ७७०१ नंको कार र बागमती प्रदेश ०१०० ज ८७६६ नम्बरको ट्याक्सी तथा ६ थान मोटरसाइकल बरामद गरेको छ। उनीहरुलाई पक्राउ गर्न प्रहरीले बुधबार साँझ ६ देखि आज बिहान ३ बजेसम्म ‘अप्रेशन’ चलाएको थियो। सिसीटिभी फुटेजका आधारमा प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिन सफल भएको हो। जाँचका क्रममा प्रहरीमाथिनै जाइलाग्न खोजेपछि गोली प्रहार गरेर सो समूहलाई नियन्त्रणमा लिइएको प्रहरीले स्पष्ट पारेको छ। जेनजी आन्दोलनपछि सो समूह सक्रिय भएको अनुसन्धानले देखाएको छ।

तामाङको समूहले काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा मध्यरातका समयमा महिला तथा पुरुषबाट सुनका गरगहना र पैसा लुटपाट गर्ने अनुसन्धानबाट खुलेको प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिनुभयो। उनीहरुले मध्यराति १२ देखि बिहान ४ बजेसम्म विभिन्न काममा हिँडिरहेको सर्वसाधारणलाई कुटपिट र लुटपाट गर्ने गरेका थिए।लुटपाटका लागि उनीहरु तीन/तीन जनाको समूह बनाएर मोटरसाइकमा हिँड्ने गर्थे। विनय समूहका विभिन्न सदस्यले दिउँसोमा ट्याक्सी चलाउने, ‘रेकी’ गर्ने, राति ९ बजेतिर एकै ठाउँमा भेला भएर खाना खाने र राति १२ देखि बिहान ४ बजेसम्म लुटपाट मच्चाउने गरेका थिए। लुटपाट सकिएपछि उनीहरु पुनःट्याक्सी र निजी कारमा चढेर नियमित दैनिकीमा फर्कने गरेका थिए।

सो समूहका नाइके विनय जेनजी आन्दोलनका क्रममा महाराजगन्ज वृत्तको हिरासतबाट भागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। हिरासतबाट भागेपछि उनले आफ्नो नेतृत्वमा सो समूहलाई सक्रिय पारेका थिए। उक्त समूह स्वयम्भूमा सात, बूढानीलकण्ठ, बौद्ध, गौशालामा तीन/तीन र भक्तपुरको ठिमीमा १३ लुटपाटको घटना घटाएको प्रहरीले जनाएको छ। गएराति सो समूह मुलपानी क्षेत्रमा लुटपाटका लागि निस्केको थियो। मूलपानी क्रिकेट मैदान नजिकै प्रहरीको ‘चेकप्वाइन्ट’ नरोकी प्रहरीमाथि नै जाइलाग्ने गर्नेगरी अघि बढेपछि गोली प्रहार गरेर नियन्त्रणमा लिएको हो।

प्रहरीको गोली लागेको लुटेरा समूहका सदस्यको उपचार भइरहेको प्रहरीले जनाएको छ। लुटेरा समूहका कमाण्डर रहेका आयन लुटपाटका क्रममा मोटरसाइकल चलाउने गरेको अनुसन्धानबाट खुलेको छ। विनय यसअघि २०७९ चोरी र २०८२ मा डाँका चोरीमा संलग्न रहेको थिए। रासस

## निर्वाचन आचारसंहिताः

# १० दिनमा आयोगले सोध्यो २१ स्पष्टीकरण, जवाफ आठ वटाको मात्र

काठमाण्डु। निर्वाचन आचारसंहिता, २०८२ लागू भएपछिको १० दिनमा निर्वाचन आयोगले राजनीतिक दल, उम्मेदवार, सरकारी निकाय र सामाजिक संस्थालाई गरी २१ स्पष्टीकरण माग गरेको छ। यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता, २०८२ लागू भएदेखि माघ १५ गतेसम्म २१ स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले रासससलाई जानकारी दिनुभयो। त्यसमध्ये विहीबारसम्म आठ वटाको मात्र जवाफ प्राप्त भएको छ।

आयोगले काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई यही माघ ७ गते स्पष्टीकरण सोधेको थियो। दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरिएको थियो। त्यसमध्ये कोशी प्रदेशका मुख्यमन्त्री कार्कीको जवाफ आएको छ भने भण्डारीको जवाफ नआएको सहायक प्रवक्ता श्रीसले बताउनुभयो।

“काठमाडौँ जिल्ला क्षेत्र नं ४ का उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो। निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) मा ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ”, उहाँले भन्नुभयो।

यसैगरी, कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको सहायक प्रवक्ता श्रीसले बताउनुभयो। दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ। दफा ५ को खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने व्यवस्था गरिएको छ। यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको थियो। कार्कीको जवाफ आए पनि त्यो चित्तबुझ्दो छ वा छैन भन्ने विषयमा अध्ययन भइरहेको उहाँले बताउनुभयो।

दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार भएको थियो। गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको उहाँको स्पष्टीकरण चित्तबुझ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत नगराइएको हो।

आयोगले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो। त्यसको जवाफ पनि आयोगमा अहिलेसम्म प्राप्त भएको छैन। यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्‌लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्नेगरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो। परिषद्‌ले पनि अहिलेसम्म आयोगलाई स्पष्टीकरण पेस नगरेको सहायक प्रवक्ता श्रीसले बताउनुभयो। नेपाल सरकार मातहतकै परिषद्‌ले आयोगलाई एक हप्तासम्म पनि स्पष्टीकरण पेस गरेको छैन।



नेपाली कम्युनिष्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो। आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ।

यस्तै दफा १३ को उपदफा (१) मा राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ सङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ। उपदफा (१) को खण्ड (झ) मा विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रमजस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने व्यवस्था रहेको छ।

यसैगरी उपदफा (१) को खण्ड (ण) मा निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजा, गाजा तथा झाँकीसहित जान नहुने उल्लेख गरिएको छ। “बस्नेतले जवाफ पेस गरे पनि चित्त बुझ्दो छ, छैन भन्ने विषयमा अध्ययन भइरहेको छ”, सहायक प्रवक्ता श्रीसले भन्नुभयो।

कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो। उहाँले पनि आयोगलाई स्पष्टीकरण बुझाउनुभएको छैन। रास्वपाका तर्फबाट ओखलढुङ्गा जिल्ला निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो। उहाँको जवाफबारे आयोगले अध्ययन गरिरहेको छ।

यस्तै नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक)लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टीविरुद्धमा गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानी गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लङ्घन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको सहायक प्रवक्ता श्रीसले जानकारी दिनुभयो। निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) उल्लङ्घन भएको हो वा होइन भनी उहाँलाई आयोगले स्पष्टीकरण सोधेको छ। पाठकले पेस गर्नुभएको जवाफका बारेमा पनि आयोगले अध्ययन गरिरहेको छ।

यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिन्ह र उम्मेदवारको तस्बिर अङ्कित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लङ्घन भएको हो वा होइन भनी स्पष्टीकरण सोधेको सहायक प्रवक्ता श्रीसले बताउनुभयो। यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो। सो पार्टीले पनि जवाफ पेस गरी थप अध्ययन भइरहेको छ।

जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा निकोलस)लाई पनि आयोगले सामाजिक सञ्जाल समेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दुरुपयोग भएको भनी उजुरी पर्न आएकोले सो विषयमा आफ्नो निर्वाचन प्रचारप्रसार गर्न अमुक व्यक्तिको जुत्ता प्रयोग गरेको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको छ। भुसालले आयोगमा जवाफ पेस गरिसक्नुभएको छ।

नेपाल स्वास्थ्य स्वयंसेवक सङ्घलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको सहायक प्रवक्ता श्रीसले बताउनुभयो। आयोगले स्वास्थ्य स्वयंसेवक सङ्घलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको थियो। तर अहिलेसम्म आयोगमा जवाफ आएको छैन।

आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकोले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ। विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ। मधेशी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकोले कारबाही गरी पाउँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिनुभएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको सहायक प्रवक्ता श्रीसले बताउनुभयो। यसबाट नेपालको संविधानको धारा १८, निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), सोही आचारसंहिताको दफा १३ को उपदफा (१) को (ञ), मुलुकी अपराध संहिता, २०७४ को दफा १५६ र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को पनि उल्लङ्घन भएको हो होइन भनी आयोगले बस्नेतसँग जवाफ माग गरेको छ। तर उहाँले अहिलेसम्म जवाफ पेस गर्नुभएको छैन।


रास्वपाका उम्मेदवार बालेन्द्र शाहलाई सार्वजनिक बहसका लागि एमाले अध्यक्ष केपी शर्मा ओलीले सामाजिक सञ्जालमा राखेको विषयमा लेखेको प्रतिक्रियाका बारेमा स्पष्टीकरण सोधेको आयोगले जनाएको छ। यसैगरी आयोगले बाँके जिल्ला निर्वाचन क्षेत्र नं ३ का रास्वपाका उम्मेदवार खगेन्द्र सुनार, सप्तरी जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार डा चन्द्रकान्त राउत (सिके राउत) र काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार निशा अधिकारीलाई आचारसंहिता उल्लङ्घन गरेको भन्दै उजुरी परेकाले स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ।

सुनारलाई राष्ट्रिय जनावर गाईलाई लिएर साम्प्रदायिक विद्वेष फैल्याएर आचारसंहिता उल्लङ्घन गरेको भन्ने उजुरी परेका आधारमा स्पष्टीकरण सोधिएको शाखा अधिकृत प्रकाश सुवेदीले हस्ताक्षर गर्नुभएको पत्रमा उल्लेख छ। शाह, सुनार, राउत र अधिकारीले पनि आजसम्म जवाफ पेस गर्नुभएको छैन।

यस्तै सप्तरी जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार राउतलाई आफ्नो निर्वाचन क्षेत्रमा चुनाव चिन्ह र झण्डाको तोरण बनाई झुण्ड्याएको भनी उजुरी परेका आधारमा स्पष्टीकरण सोधिएको हो। काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार अधिकारीलाई अष्ट्रेलियामा रहेका नेपालीलाई स्वयम्सेवक आवेदन फाराम पठाई क्यू आर कोडबाट आफ्नो अभियानलाई सहयोग गर्न सक्ने समेत व्यहोराको विवरण पठाएका आधारमा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ।

यसैगरी आयोगले पूर्वाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालय गोठगाउँ, मोरङलाई करार सेवामा कर्मचारी छनोटको लिखित परीक्षा सञ्चालन गरी परीक्षाफल प्रकाशनको तयारी रोक्नुका साथै संलग्नलाई कानुनी कारबाही गर्ने सम्बन्धमा उजुरी आएकाले स्पष्टीकरण सोधिएको हो। विश्वविद्यालयले पनि अझै जवाफ पेस गरेको छैन।

यसैगरी देउती आधारभूत विद्यालय भैरवी-३ दैलेखका शिक्षक देवीराम आचार्यलाई सामाजिक सञ्जालबाट दल विशेषलाई मत मागेको भन्दै स्पष्टीकरण सोधिएको हो। आचार्यले पनि अझै जवाफ दिनुभएको छैन। यसैगरी गुठी संस्थानलाई बौद्ध तथा मेलम्ची घ्याङ गुठीका प्रमुख लामालाई निर्वाचन आचारसंहिताविपरीत हटाउने निर्णय गरिएको भन्ने उजुरीका आधारमा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ। संस्थानले विहबार आयोगमा स्पष्टीकरण पेस गरेको छ। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चुनावमा सुरक्षा चुनौती

प्रतिनिधि सभाको आसन्न निर्वाचनका लागि मधेश प्रदेशमा ४ हजारभन्दा बढी मतदान केन्द्र निर्धारण गरिएको छ । मधेश प्रदेश प्रहरीका अनुसार मधेशको ८ वटै जिल्लामा ४ हजार ४ सय ७१ मतदान केन्द्र निर्धारण गरिएको छ। निर्वाचनलाई शान्तिपूर्ण रूपमा सफल बनाउन प्रहरीले निर्वाचन सुरक्षा योजना बनाएको छ। प्रहरीले सुरक्षा चुनौतीको अवस्थाका आधारमा तिनलाई तीन भागमा वर्गीकरण गरेको छ । जेन- जी आन्दोलनपछि सुरक्षा चुनौतीको दृष्टिकोणले मतदान स्थललाई प्रहरीले सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन भागमा वर्गीकरण गरिएको छ । सुरक्षा चुनौती रहेका मतदान स्थलहरूलाई तीन भागमा वर्गीकरण गरेर त्यसैअनुरुप सुरक्षा रणनीति बनाइएको छ । सुरक्षा चुनौती भएको केन्द्रलाई अति संवेदनशील र नभएको ठाउँको मतदान स्थललाई सामान्य वर्गीकरणमा गरिएको छ । मधेश प्रदेशमा कुल मतदान केन्द्र मध्ये एक चौथाई भन्दा बढी मतदान केन्द्रलाई अति संवेदनशिल मानिएको छ। एक हजार २ सय ४६ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। मधेश प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अति संवेदनशील वर्गीकरण गरिएको छ। मधेशको ८ वटै जिल्लामा कुल १ सय ६० मतदान केन्द्रलाई मात्रै सामान्य वर्गीकरणमा राखिएको छ । यसले मधेश प्रदेशमा सुरक्षा चुनौती अत्यधिक रहेको देखिन्छ। सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन'मा रहेको छ । सप्तरीमा २ सय ९६ मतदान स्थलमध्ये २ सय ९ वटा मतदान स्थल अति संवेदनशीलको सूचीमा रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ। त्यस्तै सिराहाका १ सय ५४, धनुषाका १ सय ९४, महोत्तरीका १ सय ६३, सर्लाहीका १ सय ५८, रौतहटका १ सय ५२ र बाराका १ सय ४५ मतदान स्थल अति संवेदनशील सूचीमा राखिएको छ। ८ वटै जिल्लामा ७ सय ६३ वटा मतदान स्थल संवेदनशीलको सूचीमा छ । सर्लाहीमा सबैभन्दा बढी १ सय ३१ मतदान स्थल संवेदनशील सूचीमा छ। सुरक्षा चुनौती भएको मतदान स्थलमा प्रहरी परिचालन गर्ने रणनीति बनाइएको छ । ८ वटै जिल्लामा व्यापक संख्यामा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन गरिने तयारी गरिएको छ । सुरक्षाका तीन वटै निकायबाट गरी मधेशमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने बताइएको छ ।जेनजी आन्दोलनको क्रममा जेलबाट फरार रहेकाहरुपनि सुरक्षाका लागि चुनौत ीबनेको छ ।तर चुनावलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न बिभिन्न लेयरमा सुरक्षाकर्मीहरु खटाइनेछ ।नेपाली सेनाले बाहिरी सुरक्षा घेरालाई बलियो बनाउने छ ।

# आधुनिक सामाजिकराजनीतिमा लोकप्रियतावादनेपालमा यसको प्रभाव र यसको तार्किक अन्त्य ।

**डा. केदार कार्की**

लोकप्रियतावाद एउटा राजनीतिक दर्शन हो जसमा एक नेता वा राजनीतिक दलले सामान्य मानिसहरूलाई वास्तविक वा काल्पनिक अभिजात वर्ग विरुद्ध लड्न र उनीहरूलाई अधिकार, सम्पत्ति वा सम्मान सुरक्षित गर्न प्रेरित गरेर सशक्त बनाउने दाबी गर्छ। लोकप्रियतावादी राजनीतिज्ञहरू वामपन्थी र दक्षिणपन्थी दुवै राजनीतिसँग सम्बन्धित हुन सक्छन्।

यस विचारधाराका समर्थकहरूले समाजमा गहिरो रूपमा जरा गाडेको अन्यायलाई द्रुत रूपमा भत्काउन यसको प्रयोगको प्रशंसा गर्छन्। आलोचकहरूले प्रायः यसले निम्त्याउने हानिहरूलाई औंल्याउँछन्ः नेताहरूले आफूलाई अत्यन्त शक्तिशाली र धनी बनाउने, सामाजिक वर्गहरू बीचको द्वन्द्वलाई उक्साउने कारणले घृणा फैलाउने, र लडखडाइरहेको अर्थतन्त्र। राजनीतिक दलहरूले बारम्बार आफ्ना विपक्षीहरूलाई लोकप्रियतावादी भएको आरोप लगाउँछन्, दाबी गर्छन् कि तिनीहरू केवल जनोत्तेजकहरू हुन् जसले सतही रूपमा साधारण नागरिकहरूप्रति ठूलो सहानुभूति देखाउँदै, कसैलाई मद्दत गर्ने होइन तर समाजलाई युद्धरत गुटहरूमा विभाजन गरेर निश्चित खण्डहरूको स्थायी समर्थन सुरक्षित गर्ने लक्ष्य राख्छन्। त्यस्ता डेमागोग नेताहरू वास्तवमा उनीहरूको समर्थन गर्ने सामाजिक वर्गहरूको कठिनाइहरू समाप्त भएको चाहँदैनन् किनभने उनीहरूको समर्थन केवल उनीहरूलाई वञ्चित स्थितिमा राखेर र त्यो नेतामा निर्भरताद्वारा कायम राखिएको छ।

लोकतन्त्रको स्थापना र सुदृढीकरणका लागि लोकप्रियतावाद र स्टन्ट राजनीतिको उदयले महत्वपूर्ण खतरा निम्त्याउँछ, विशेष गरी नेपाल जस्ता देशहरूमा जहाँ लोकतन्त्र अझै पूर्ण रूपमा संस्थागत भएको छैन। लोकतन्त्रले सुरुमा सीमान्तकृत जनताको गुनासोलाई आवाज दिएको देखिए पनि, यसको परिणामले लोकतान्त्रिक सिद्धान्तहरूलाई कमजोर पार्न सक्छ र लोकतान्त्रिक समाजको जगलाई कमजोर बनाउन सक्छ। यो लेखले नेपालमा लोकतन्त्रवाद र स्टन्ट राजनीतिको प्रभावको अन्वेषण गर्दछ र देशको लोकतान्त्रिक प्रगतिमा तिनीहरूले निम्त्याउने खतराहरूलाई हाइलाइट गर्दछ।


लोकतन्त्रवादी नेताहरूले प्रायः लोकतान्त्रिक संस्थाहरू र नियन्त्रण र सन्तुलनलाई कमजोर पार्छन् जसले शक्ति प्राप्त गर्छन्। तिनीहरू अवस्थित लोकतान्त्रिक प्रक्रियाहरूलाई बेवास्ता गरेर वा कमजोर पारेर शक्तिलाई सुदृढ पार्ने प्रयास गर्छन्। नेपालमा, जहाँ लोकतन्त्र अझै विकास भइरहेको छ, त्यस्ता अभ्यासहरूले पहिले नै कमजोर लोकतान्त्रिक संस्थाहरू, जस्तै न्यायपालिका, व्यवस्थापिका र स्वतन्त्र नियामक निकायहरूलाई कमजोर बनाउन सक्छ। संस्थाहरूको यो कमजोरीकरणले लोकतान्त्रिक संरचनालाई कमजोर बनाउँछ र स्वस्थ लोकतन्त्रको लागि आवश्यक शक्ति सन्तुलनलाई खतरामा पार्छ।

'लोकप्रियतावाद' लाई राम्रो कुरा भन्नेहरू केही छन्, जस्तै फक्स न्यूजमा स्टीव हिल्टन। अरू धेरैले 'लोकप्रियतावाद' को निन्दा गर्छन्, जसमा केही शास्त्रीय उदारवादीहरू पनि समावेश छन्। संयुक्त राज्य अमेरिकामा उन्नाइसौं शताब्दीको अन्त्यतिर पिपुलिस्ट पार्टीको उदय भयो, १८९६ मा डेमोक्र्याटिक राष्ट्रपति पदका उम्मेदवारको रूपमा विलियम जेनिङ्स ब्रायनको पछाडि जुलुस गर्दै। आज, जब मानिसहरूले कुनै पार्टी वा आन्दोलनलाई 'लोकप्रियतावादी' भनेर सम्बोधन गर्छन्, जस्तै संयुक्त राज्य अमेरिकामा रिपब्लिकन पार्टी वा स्वीडेनमा स्वीडेन डेमोक्र्याटहरू, प्रश्नमा रहेको पार्टीले आफूलाई 'लोकप्रियतावादी' भनेर चिनाउँदैन। यो सत्य हो कि कहिलेकाहीं यसका केही समर्थकहरूले आफूलाई वा आन्दोलनलाई 'लोकप्रियतावादी' भनेर वर्णन गर्छन्, तर अन्य विशेषणहरू धेरै अन्य समर्थकहरूले पनि प्रयोग गर्छन्, विशेष गरी 'रूढीवादी'। त्यसपछिका बुँदाहरूको लागि, मलाई लाग्छ कि संकेत गरिएका पार्टीहरू वा आन्दोलनहरूले आफूलाई 'लोकप्रियतावादी' भनेर चिनाउँदैनन्, यद्यपि उनीहरूका केही समर्थकहरूले कहिलेकाहीं 'लोकप्रियतावाद' प्रयोग गर्छन्।

'लोकप्रियतावादी' को यो अर्थको बारेमा दुई बुँदाहरू बनाउनु पर्छ। पहिलो विशेष गरी 'लोकप्रियतावाद' का समर्थकहरू तर्फ निर्देशित छ। यदि यो अर्थ सबैभन्दा प्रमुख छ भने, त्यहाँ विरोधाभास छ किनभने आन्दोलनको उद्देश्य राजनीतिक शक्ति र नेतृत्व जित्नु हो, जुन अवस्थामा या तः (क) यसका सदस्यहरूले, जहाँसम्म तिनीहरू सफल हुन्छन्, ड्र्यागनलाई मारेका छन् र आफूलाई लोकप्रियतावादी ठान्ने आधारलाई चकनाचूर पारेका छन्; वा (ख) तिनीहरू आफैं अभिजात वर्ग बन्नेछन्, जुन अवस्थामा नयाँ लोकप्रियतावादले तिनीहरूको विरोध गर्न सक्छ। मेरो दोस्रो बुँदा ती व्यक्तिहरूतर्फ निर्देशित छ जो 'लोकप्रियतावादी' विरोधी छन्ः प्रशासनिक राज्य र यसको सम्बन्धित संस्थाहरू र राजनीतिक संगठनहरूको सञ्जालको विरोधको लागि धेरै कुरा भन्न सकिन्छ ।

राष्ट्रिय सार्वभौमिकता राम्रो छ कि खराब छ भन्ने कुरा विशिष्ट तुलनाको प्रश्न हो। तर धेरै अन्तर्राष्ट्रिय शासन संस्थाहरू र मिडियाले चाहेको भन्दा धेरै बाँकी रहेकोले, बृहत्तर स्थानीय सार्वभौमिकतामा जोड जवाफदेहिता, संघीयता, सहायकता, र परिवार, समुदाय र संस्थाहरूमा स्थानीय वा 'तल-माथि' सद्गुणहरूको खेतीमा शास्त्रीय-उदारवादी ज्ञानवादी-नम्रता शिक्षाको 'सानो प्लाटुन' सँग मिल्दोजुल्दो देखिन्छ।

परम्परागत राजनीतिक दलहरूप्रतिको गहिरो जनताको मोहभंग, व्यापक भ्रष्टाचार र सुस्त विकासले गर्दा आधुनिक नेपाली सामाजिक-राजनीतिमा लोकप्रियतावाद एक प्रमुख शक्तिको रूपमा देखा परेको छ। "स्टन्ट राजनीति" र भीडमा आधारित रणनीतिहरूद्वारा विशेषता, यसले दीर्घकालीन संरचनात्मक सुधारहरू भन्दा तत्काल, प्रायः अवास्तविक, सार्वजनिक सन्तुष्टिलाई प्राथमिकता दिन्छ। यसले नयाँ, स्वतन्त्र आवाजहरूलाई अगाडि ल्याए पनि, यसले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पार्ने खतरा छ।



भ्रष्टाचार, नातावाद र राजनीतिक अस्थिरताका कारण प्रमुख दलहरू (नेका, नेकपा-एमाले, माओवादी) प्रति मोहभंग। जवाफदेहिता, पारदर्शिता र द्रुत सुधारको माग गर्ने युवा, डिजिटल रूपमा सक्रिय पुस्ता। उच्च बेरोजगारी र सुस्त आर्थिक वृद्धिले धनीहरू विरुद्ध आक्रोश बढाइरहेको छ। सूचना र गलत सूचनाको तीव्र प्रसारले विद्यमान संस्थाहरूप्रति तत्काल र अविश्वासको भावना सिर्जना गरिरहेको छ।

बालेन शाह (काठमाडौंका पूर्व मेयर) जस्ता नेताहरूले शहरहरूमा तत्काल देखिने सुधारहरूमा ध्यान केन्द्रित गरेर आफ्नो लागि एउटा स्थान बनाएका छन्। रवि लामिछानेको नेतृत्वमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना विरोधी भावनालाई पूँजीकरण गर्दै एक प्रमुख लोकप्रियतावादी शक्तिको रूपमा उभिएको छ। केही प्रवृत्तिहरूले दक्षिणपन्थी लोकप्रियतावादतर्फ सर्ने संकेत गर्छन्, जसमा हिन्दू राज्यको पुनरागमनलाई प्रवर्द्धन गर्न धार्मिक भावनाहरूको शोषण गर्ने क्षमता छ।

लोकप्रियतावादले संस्थागत प्रक्रियाहरू भन्दा करिश्माई नेतृत्वलाई प्राथमिकता दिन्छ, जसले अदालत, मिडिया र संसदलाई कमजोर बनाउन सक्छ। कठिन मुद्दाहरू सजिलो नारामा सीमित हुन्छन्, जसले गर्दा कमजोर शासन र अस्थिर, छोटो अवधिका नीतिहरू निम्त्याउँछन्। बारम्बार गठबन्धन परिवर्तन र "स्टन्ट राजनीति" को उदयले अस्थिरता सिर्जना गर्दछ। "हामी विरुद्ध उनीहरू" कथा (सामान्य मानिसहरू विरुद्ध भ्रष्ट धनी) ले समाजलाई विभाजित गर्छ र सहमतिमा बाधा पुर्‍याउँछ।

आधुनिक सामाजिक-राजनीतिमा लोकप्रियतावाद एउटा विचारधारा हो जसले "साधारण मानिसहरू" लाई भ्रष्ट "कुलीन वर्ग" विरुद्ध खडा गर्छ। यसले करिश्माई नेताहरू मार्फत द्रुत वाचाहरू (निःशुल्क, राष्ट्रवाद) मार्फत जनतालाई आकर्षित गर्छ, जसले गर्दा राजनीतिक ध्रुवीकरण, संस्थागत क्षय र आर्थिक असन्तुलन निम्त्याउँछ, जसले गर्दा प्रायः वित्तीय संकट र लोकतन्त्र कमजोर हुन्छ।

जनतालाई दुई वर्गमा विभाजन गर्ने, नेताहरूले आफूलाई "जनताको वास्तविक आवाज" को रूपमा चित्रण गर्ने। संस्थागत संरचनाहरू पार गर्दै, एकल नेताको वरिपरि राजनीति केन्द्रित गर्ने।

जटिल समस्याहरू (जस्तै, गरिबी, बेरोजगारी) को लागि द्रुत, तर प्रायः तर्कहीन, निःशुल्क वाचाहरू गर्ने। न्यायपालिका, मिडिया र निर्वाचन आयोग जस्ता संस्थाहरूको विश्वसनीयतामाथि प्रश्न उठाउने।

समाजमा "वास्तविक नागरिक" र "बाहिरी" वा "विरोधीहरू" बीचको फराकिलो खाडल। निःशुल्क र लोकप्रिय नीतिहरूले सार्वजनिक हितलाई कमजोर बनाउँछन् र वित्तीय घाटा बढाउँछन्। कानूनको शासनलाई बेवास्ता गर्दै र अधिनायकवादी वा तानाशाही प्रवृत्तिहरूलाई बढावा दिँदै। दीर्घकालीन विकासभन्दा तत्कालीन लाभलाई प्राथमिकता दिने, जसले भविष्यको वृद्धिलाई सुस्त बनाउन सक्छ।

जब मुक्त स्रोतहरू समाप्त हुन्छन्, अर्थतन्त्रमा गम्भीर बोझ हुन्छ, जसले गर्दा उच्च मुद्रास्फीति वा ऋण निम्त्याउँछ। जब नेताहरूले आफ्नो शक्ति कायम राख्न संस्थाहरूलाई नष्ट गर्छन्, लोकतन्त्र केवल औपचारिकता बन्छ। पूरा नभएका दीर्घकालीन वाचाहरूले जनताको विश्वासलाई कमजोर बनाउँछन्, र आन्दोलनहरूले आफ्नो सान्दर्भिकता गुमाउँछन्।लोकवादले लोकतान्त्रिक प्रणालीको लागि चुनौतीको रूपमा काम गर्दछ, प्रायः तत्काल लोकप्रियता ल्याउँछ तर दीर्घकालीन स्थिरताको लागि हानिकारक हुन्छ।

विश्वभर लोकतन्त्रका चुनौतीहरूमा लोकप्रियतावाद, भीडमा आधारित राजनीति र परम्परागत शासनको विरुद्ध आवाज उठाएर विद्यमान संस्थाहरूलाई कमजोर पार्ने नेताहरू समावेश छन्। लोकप्रियतावादीहरूले आफ्नो व्यक्तिगत स्वार्थ र राजनीतिक लाभलाई प्राथमिकता दिन्छन् र सबै कुराको लागि अरूलाई दोष दिन्छन्। नेपालको सन्दर्भमा, धेरैजसो लोकप्रियतावादी नेताहरूले दीर्घकालीन आर्थिक एजेन्डा र विकास रणनीतिहरूको प्रवर्द्धन गर्नुभन्दा शक्तिलाई प्राथमिकता दिन्छन्। भीडमा आधारित राजनीतिको उदय परम्परागत राजनीतिक दलहरूको असफलताबाट उत्पन्न हुन्छ, जसले या त सार्वजनिक प्राथमिकताहरूलाई सम्बोधन गर्न असफल भएका छन् वा बेवास्ता गरेका छन्। लोकतन्त्रलाई अगाडि बढाउनको लागि इमानदारी एक आवश्यक स्तम्भ हो। दुर्भाग्यवश, नेपालका सबै राजनीतिक दलहरूले निश्चित हदसम्म इमानदारी कायम राख्न असफल भएका छन्, जसले गर्दा व्यापक भ्रष्टाचार र स्वार्थको द्वन्द्व निम्त्याएको छ। आफूलाई वास्तविक राजनीतिक विकल्पको रूपमा प्रस्तुत गरे पनि, राष्ट्रिय स्वातन्त्र पार्टी ले अघिल्ला दलहरूको कमजोरीहरू दोहोर्‍याउन सक्दैन। बरु, यसले इमानदारी, नैतिक अखण्डता र नैतिक मापदण्डको उदाहरण स्थापित गर्नुपर्छ। दुःखको कुरा, राष्ट्रिय स्वातन्त्र पार्टी अध्यक्ष लामिछानेले विशेष गरी अवैध राहदानी मुद्दा र सहकारी ठगी मुद्दामा इमानदारी र नैतिक व्यवहार प्रदर्शन गर्न बारम्बार असफल भएका छन्। यसबाहेक, यी विवादहरूसँग प्रत्यक्ष रूपमा जोडिएका मन्त्रालयहरूको उनको छनोटले स्वार्थको द्वन्द्वलाई स्पष्ट रूपमा देखाउँछ, जसले उनको इमानदारीको कमीलाई अझ उजागर गर्छ। पार्टीले विवादास्पद परिस्थितिहरूमा राष्ट्रिय स्वातन्त्र पार्टी नेताहरूसँग सम्बन्धित धेरै घटनाहरू लुकाएको छ, जनताको विश्वासलाई कमजोर बनाएको छ र नेपालको लोकतान्त्रिक संरचनालाई थप क्षति पुर्‍याएको छ। फरक दृष्टिकोण प्रस्तुत गर्ने दाबी गर्नेहरूले आफूलाई छानबिनभन्दा माथि ठान्छन् र महत्त्वपूर्ण प्रश्नहरूलाई बेवास्ता गर्छन्, सार्वजनिक विश्वास क्षय हुन्छ, जसले नेपालको लोकतन्त्रलाई अझ क्षति पुर्‍याउँछ।

नेपालमा लोकप्रियतावादको दीर्घकालीन बाटो धेरै तरिकाले निस्कन सक्छः

संस्थागत पतनः यदि नियन्त्रण नगरिएमा, लोकप्रियतावादी प्रवृत्तिले "व्यवस्थित अस्थिरता" वा देशको पूर्ण रूपमा विनाश निम्त्याउन सक्छ। लोकप्रियतावादी दलहरू अन्ततः परम्परागत गठबन्धन संरचनाहरूमा सामेल हुन सक्छन्, जस्तै च्वए मा देखियो, जसले गर्दा तिनीहरूको स्थापना विरोधी अपील क्षीण हुन्छ। उपचुनावमा केही समर्थन गुमाउनुले देखाएको छ, यदि लोकप्रिय नेताहरूले ठोस परिणामहरू प्रदान गर्न असफल भए भने प्रारम्भिक प्रचार फिक्का हुन सक्छ। लोकप्रियतावादले प्रायः एक बलियो नेताको लागि मार्ग प्रशस्त गर्छ जसले लोकतान्त्रिक नियन्त्रण र सन्तुलनलाई कमजोर बनाउँछ।

लोकप्रियतावाद र स्टन्ट राजनीतिले कार्यशील लोकतान्त्रिक समाजको लागि आवश्यक लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई ध्वस्त पार्न सक्छ। सहिष्णुता, विविधताको सम्मान, समावेशीता र बहुलवाद जस्ता सिद्धान्तहरू कमजोर हुन सक्छन्, जसले गर्दा लोकतान्त्रिक संस्कृतिको क्षय हुन्छ। यो कमीले लोकतन्त्रको जगलाई नै खतरामा पार्छ र देशलाई थप समावेशी र न्यायपूर्ण समाजतर्फ अगाडि बढ्नबाट रोक्छ।

नेपाल, आफ्नो चलिरहेको लोकतान्त्रिक संक्रमणमा, लोकप्रियतावाद र स्टन्ट राजनीतिबाट उत्पन्न खतराहरूलाई सम्बोधन गर्न सतर्क हुनुपर्छ। यी खतराहरूलाई कम गर्न लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ पार्ने, समावेशी शासनलाई प्रवर्द्धन गर्ने र संवाद र सम्झौताको संस्कृतिलाई बढावा दिने कुराहरू आवश्यक छन्। राजनीतिक नेताहरू, नागरिक समाज संस्थाहरू र नागरिकहरूले लोकतान्त्रिक मूल्यहरूलाई कायम राख्न, मौलिक अधिकारहरूको संरक्षण गर्न र नेपालको लोकतान्त्रिक यात्रा स्थिरता, समावेशीता र प्रगतिको बाटोमा जारी राख्न सुनिश्चित गर्न एकसाथ काम गर्नु महत्त्वपूर्ण छ।कारण जेसुकै होस्, लोकतन्त्र र शासनको लागि एक महत्त्वपूर्ण खतरा हो, जसले उदार लोकतान्त्रिक मूल्यमान्यताहरूलाई प्रवर्द्धन गर्न र समाजमा विश्वास निर्माण गर्न समर्पित जिम्मेवार राजनीतिक संस्थाहरू र नेतृत्वको महत्त्वलाई प्रकाश पार्छ। भीडमा आधारित संस्थाहरूले नेपालको दीर्घकालीन विकासको लागि दिगो समाधानको रूपमा काम गर्न सक्दैनन्। बरु, प्रभावकारी निर्वाचन प्रणाली साथै सुव्यवस्थित सरकार स्थापना गर्न तत्काल आवश्यकता छ।यद्यपि नेपालमा लोकप्रियतावादले परम्परागत दलहरूको एकाधिकार तोड्न र सार्वजनिक गुनासोहरूलाई अगाडि ल्याउन उत्प्रेरकको रूपमा काम गरेको छ, दिगो नीतिको सट्टा तमाशामा यसको निर्भरताले देशको कमजोर लोकतन्त्रको लागि खतरा निम्त्याउँछ। अन्तिम, उत्तम अन्त्य भनेको संक्रमण हो जहाँ नयाँ, जवाफदेही र व्यवस्थित राजनीतिले पुरानो, भ्रष्ट स्थापना र अस्थिर, सेलिब्रेटी-संचालित "स्टन्ट राजनीति" दुवैलाई प्रतिस्थापन गर्दछ।

# अपेक्षा र उपेक्षाको बीचमा मधेस



**राजेश विद्रोही**

मधेस नेपालको दक्षिणी भूभागमा फैलिएको समथर भूभाग हो । यसले भौगोलिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक रूपमा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिएको छ । हिमाल, पहाड र मधेसको संयोजनबाट बनेको नेपालको यो क्षेत्र प्राकृतिक उर्वरता, जनघनत्व र सांस्कृतिक विविधताका कारण सधैँ चर्चामा रहँदै आएको छ। इतिहासदेखि वर्तमानसम्म मधेससँग राज्य, समाज र राष्ट्रप्रति धेरै अपेक्षा जोडिँदै आएका छन्, जसले यस क्षेत्रलाई बुझ्ने दृष्टिकोणलाई अझ गहिरो बनाएको छ।

नेपालको इतिहास हेर्दा मधेस सधैँ कृषि उत्पादन, व्यापार, व्यावसायिक गतिविधि, संस्कृति र ज्ञानको केन्द्रका रूपमा रहेको देखिन्छ। तर समयक्रमसँगै मधेस र पहाडबीचको बुझाइमा दूरी बढ्दै गएको अनुभूति गरिएको देखिन्छ। यस लेखको उद्देश्य कुनै राजनीतिक धार वा सम्प्रदायलाई अघि बढाउनु वा भड्काउनु होइन, बरु इतिहास, संस्कृति र आपसी सम्मानका आधारमा साझा राष्ट्रिय निर्माणप्रति साझेदारिता देखाउनु हो।

### मधेस शब्दको ऐतिहासिक अर्थ र विकास

'मधेस' शब्द संस्कृतको मध्यदेशबाट विकसित भएको मानिन्छ । प्राचीन ग्रन्थहरूमा गङ्गा-यमुना क्षेत्र वरपरको भूभाग अर्थात् हिमाल र पहाडको दक्षिणतर्फ फैलिएको उर्वर समथर भूभागलाई मध्यदेश भनिन्थ्यो । यही शब्द बोलचालको समयक्रमसँगै भाषिक रूपान्तरण हुँदै 'मधेस'का रूपमा स्थापित भयो । लिच्छवी र मल्लकालका केही संस्कृत तथा नेपाली अभिलेखहरूमा 'मध्यदेश' वा त्यससँग सम्बन्धित उल्लेखहरू पाइन्छन् । तर आधुनिक अर्थमा नेपालको दक्षिणी तराई भूभागलाई औपचारिक रूपमा 'मधेस' भनेर चिनाउने चलन भने राणा शासनकालतिर मात्र विकसित भएको देखिन्छ।

खासगरी १९औँ-२०औँ शताब्दीमा राणा शासनकालमा तराईलाई पहाडभन्दा अलग, सीमावर्ती र फरक सामाजिक क्षेत्रका रूपमा हेर्ने प्रशासनिक सोच बलियो बन्यो । यसरी भौगोलिक अर्थमा प्रयोग भएको शब्द पछि सामाजिक र सांस्कृतिक पहिचानसँग जोडिन पुग्यो । २००७ सालपछि नागरिकता, भाषा र समावेशीकरणका बहससँगै मधेस पहिचानको विषयका रूपमा स्थापित भयो । २०६३/६४ सालको मधेस आन्दोलनपछि 'मधेस' राष्ट्रिय राजनीतिक र सामाजिक विमर्शमा निर्णायक रूपमा प्रवेश गर्‍यो।

### ऐतिहासिक र सांस्कृतिक योगदान

मधेसको इतिहास वैदिककालसम्म फैलिएको छ। वैदिक कालमा विदेह वा मिथिला राज्य यही क्षेत्रमा अवस्थित थियो। राजा जनकको शासनकालमा दर्शन, शिक्षा र वैदिक चिन्तन उच्च उत्कर्षमा पुगेको देखिन्छ। सीता, याज्ञवल्क्यजस्ता ऐतिहासिक पात्रहरूले मधेसलाई धार्मिक, दार्शनिक र बौद्धिक चेतनाको केन्द्रका रूपमा स्थापित गरेका छन् । मिथिला संस्कृति, कला, साहित्य, लोकपरम्परा र शास्त्रीय दर्शनको निरन्तर विकासले मधेसलाई दक्षिण एसियाकै एक महत्वपूर्ण सांस्कृतिक भूभागका रूपमा चिनाएको छ । मध्यकालमा कर्णाट र सेन वंश तथा आंशिक रूपमा मुगल प्रभावअन्तर्गत रहेको मधेस हिमाली भेग र गङ्गा मैदानबीचको महत्वपूर्ण व्यापारिक सेतुका रूपमा विकसित भयो । नून, ऊन, अन्न, कपडा र हस्तकलाका सामग्रीको आदान-प्रदानले मधेसलाई आर्थिक मात्र होइन्, सामरिक, सामाजिक र सांस्कृतिक दृष्टिले पनि सबल बनायो। यस ऐतिहासिक प्रक्रियाले मधेसलाई नेपालको समग्र इतिहास र सभ्यताको अभिन्न अङ्गका रूपमा स्थापित गरेको छ।

### सामाजिक, भाषिक र सांस्कृतिक विविधता

मधेस नेपालकै सबैभन्दा घना जनसङ्ख्या भएको क्षेत्र हो । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेस प्रदेशको जनसङ्ख्या करिब ६१ लाख रहेको छ । यादव, कुर्मी, थारु, मुसहर, दुसाध, चमार, कोइरी, ब्राह्मण, राजपूतलगायत दर्जनौँ जातीय समुदायहरूको सहअस्तित्वले मधेसलाई सामाजिक रूपमा अत्यन्त विविध बनाएको छ। धार्मिक दृष्टिले यहाँ मुख्यतः हिन्दु र मुस्लिम समुदायको बाहुल्य रहेको छ, जसले धार्मिक सहिष्णुता र सहअस्तित्वको लामो परम्परा विकास गरेको छ । भाषिक रूपमा मधेस बहुभाषिक समाज हो । मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारु र उर्दू यहाँका प्रमुख मातृभाषाहरू हुन् । यी भाषाहरू केवल सञ्चारका साधन मात्र नभई मधेसी समाजको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरताका आधार हुन् तर लामो समयसम्म राज्य संरचनाभित्र यी भाषाहरूको औपचारिक मान्यता र प्रयोग सीमित रहँदा भाषिक असमानता र उपेक्षाको अनुभूति मधेसी समाजमा गहिरिँदै गएको देखिन्छ।

सांस्कृतिक दृष्टिले छठ, समा-चकेवा, जुडशीतल, होली, ईद र मोहर्रमजस्ता पर्वहरूले मधेसको बहुसांस्कृतिक चरित्र र सामाजिक सहिष्णुतालाई प्रतिविम्बित गर्छन् । प्रकृतिप्रति सम्मान, पारिवारिक सम्बन्ध र सामुदायिक ऐक्यबद्धता यी पर्वहरूको साझा विशेषता हुन्। लोकगीत, लोकनृत्य र मौखिक परम्पराले पुस्तौंदेखि मधेसको सांस्कृतिक चेतनालाई जीवन्त राख्दै आएको छ। १८औँ शताब्दीमा गोरखा राज्यद्वारा नेपाल एकीकरण भएपछि मधेसलाई प्रायः सुरक्षा दृष्टिले संवेदनशील क्षेत्रका रूपमा हेरिएको ऐतिहासिक अनुभूति पाइन्छ । यसले कतिपय समयमा मधेसलाई राज्यको अभिन्न अङ्गभन्दा परिधिमा राखिएको जस्तो अनुभूति उत्पन्न गराएको छ । यही पृष्ठभूमिमा मधेसको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी राष्ट्रिय दृष्टिकोण विकास गर्नु आजको साझा आवश्यकता हो।

### मधेस-पहाड सम्बन्धः बुझाइको आवश्यकता

मधेसलाई प्रायः नेपालको अन्न भण्डार भनिन्छ। धान, गहुँ, मकै, ऊखु, तरकारी र तेलहन उत्पादनमा मधेसको योगदान उल्लेखनीय छ। साथै, उद्योग, व्यापार, भन्सार र राजस्व सङ्कलनमा पनि मधेसको भूमिका महत्वपूर्ण छ। यति ठूलो योगदानका बाबजुद विकासका अवसर र पहुँच सबै क्षेत्रमा समान नभएको अनुभूति समाजमा देखिन्छ। यो अवस्था कुनै एक क्षेत्रको मात्र होइन्, समग्र राष्ट्रकै साझा चुनौती हो। जसको समाधान समावेशी विकास र सन्तुलित नीतिमार्फत मात्र सम्भव छ।

नेपाल राज्य निर्माणको क्रममा विभिन्न भूगोल र समाजबीच फरक-फरक अनुभवहरू छन् । कतिपय अवस्थामा यी फरक अनुभवहरूले गलत बुझाइ जन्माएका छन्। मधेस र पहाडलाई फरक-फरक होइन्, पूरक भूगोल र संस्कृतिका रूपमा बुझ्न सकिए मात्र आपसी विश्वास बलियो हुन्छ । 'मधेसी', 'पहाडी', 'हिमाली'- यी सबै पहिचानहरू नेपाली राष्ट्रियताको साझा आधार हुन् । समस्या शब्दमा होइन्, ती शब्द प्रयोग गर्दा अपनाइने दृष्टिकोणमा हुन्छ। सम्मान र समावेशी सोचले मात्र दूरी घटाउन सक्छ।

सङ्घीय संरचनाले स्थानीय पहिचान, भाषा र आवश्यकतालाई सम्मान गर्दै शासन प्रणालीलाई नागरिक नजिक लैजाने उद्देश्य राखेको छ। सङ्घीयताको सफलताका लागि अधिकार, जिम्मेवारी र स्रोतको सन्तुलित प्रयोग आवश्यक छ। यसले मधेस, पहाड र हिमालबीच सहकार्य र विश्वास बढाउन सक्छ । संविधानले समावेशीता, मातृभाषा, समान अवसर र सामाजिक न्यायका आधारहरू स्थापित गरेको छ। अब चुनौती भनेको यी मूल्यहरूलाई व्यवहारमा उतार्नु हो।

### अन्य देशका अनुभव र नेपालका लागि सन्देश

विश्वका धेरै देशहरूले विविधतालाई स्वीकार गरेर राष्ट्रिय एकता बलियो बनाएका छन् । जहाँ पहिचान दबाइयो, त्यहाँ द्वन्द्व बढ्यो, जहाँ संवाद र सम्मानलाई प्राथमिकता दिइयो, त्यहाँ समाज स्थिर रह्यो ।

# पाँच वर्षमा ठोस रूपमा उपलब्धि हासिल गर्नसक्ने गरी घोषणा पत्र ल्याउँछौं: अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीले व्यावहारिक र पाँच वर्षमा ठोस रूपमा उपलब्धि हासिल गर्नसक्ने गरी कार्यक्रमहरू समेटेर घोषणापत्र ल्याउने तयारी गरिरहेको बताउनुभएको छ ।

ललितपुरको च्यासलस्थित पार्टीको केन्द्रीय कार्यालयमा विहीबार प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा घोषणापत्र तयार गर्न विभिन्न विषयगत क्षेत्रका विज्ञहरूसँग सुझावका लागि छलफल गर्दै अध्यक्ष ओलीले जनताको व्यावहारिक पक्षलाई समेटेर घोषणा पत्र तयार गरिरहेको बताउनुभयो । पार्टीले देशलाई पहिलो प्राथमिकतामा राखेर मुलुकको समृद्धि, सुशासन, दिगो विकासमार्फत नेपाली जनताको समृद्धि र सुखको चाहनालाई पूरा गर्ने गरी घोषणापत्र तयारी गरिरहेको उहाँको भनाइ थियो ।

अध्यक्ष ओलीले निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले सम्पन्न गर्ने वातावरण बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टी सुदृढ सङ्गठन, व्यापक जनमत र सर्वाधिक लोकप्रिय पार्टीका रूपमा स्थापित रहेको उल्लेख गर्दै एमालेले गत भदौको विध्वङ्शले राष्ट्रियता, लोकतन्त्र र संविधानमा पुऱ्याएको क्षतिको पुनःनिर्माण, राष्ट्रिय सुरक्षा र सुदृढ राष्ट्रिय एकता कायम गर्न उच्चमनोबलका साथ नेतृत्व प्रदान गर्ने बताउनुभयो ।

राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय सुरक्षा र स्वाभिमानको रक्षा समर्पणबाट हुन नसक्ने उल्लेख गर्दै अध्यक्ष ओलीले यसको रक्षाका लागि प्रतिरोध, प्रतिवाद र प्रतिरक्षा गरिने बताउनुभयो । कार्यक्रममा विज्ञहरुले पार्टीले बनाउने घोषणापत्र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने किसिमले बनाउनुपर्ने बताएका थिए । एमालेले अध्यक्ष ओलीको संयोजकत्वमा सात सदस्यीय घोषणापत्र मस्यौदा कमिटी गठन गरेको छ । कमिटीमा उपाध्यक्षद्वय रामबहादुर थापा र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल तथा ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमाल सदस्य रहनुभएको छ ।रासस

# निर्वाचनका लागि भयमुक्त वातावरण निर्माण सरकारको उच्च प्राथमिकतामा छः गृहमन्त्री अर्याल



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले सरकारले निर्वाचन सुरक्षा मजबुत बनाई भयमुक्त वातावरण निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई काम गरिरहेको बताउनुभएको छ । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे भइरहेको गतिविधिका बारेमा जानकारी लिन विहीबार निर्वाचन आयोग पुग्नुभएका उहाँले शान्तिसुरक्षा बिथोल्न खोज्ने जो कोहीलाई कडाभन्दा कडा कारबाही गर्न सरकार कटिबद्ध रहेको बताउनुभयो ।

मतदाता, राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी एवं सुरक्षाकर्मीलगायत सरोकार भएका सबैको सुरक्षाको भरपर्दो व्यवस्था मिलाएको गृहमन्त्री अर्यालले जानकारी गराउनुभयो । यसका लागि मन्त्रालयले निर्वाचन कार्यतालिकासँग तालमेल हुने गरी सुरक्षा योजना बनाई काम गरिरहेको उहाँको भनाइ छ । "आपराधिक तथा निर्वाचन बिरोधी गतिविधि उपर शून्य सहनशीलताको नीति अवलम्बन गरी कार्य गर्न स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुखहरुलाई निर्देशन दिइसकिएको छ," उहाँले भन्नुभयो ।छलफलका क्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचन तयारीका क्रममा सरकारबाट प्राप्त सहयोग र समन्वयप्रति धन्यवाद व्यक्त गर्दै निर्वाचन व्यवस्थापनका क्रममा आयोगका तर्फबाट गरिनुपर्ने व्यवस्थापकीय तयारी सम्पन्न भएको जानकारी गराउनुभयो । निर्वाचन व्यवस्थापनका क्रममा संविधान, निर्वाचनसम्बन्धी कानुन, निर्वाचन आचारसंहिता विपरीत हुने कुनै पनि गतिविधि एवम् क्रियाकलापप्रति आयोग कठोर रुपमा प्रस्तुत हुने उहाँले बताउनुभयो । कुनै पनि पक्षबाट हुने दण्डहीनता आयोगलाई मान्य नहुने पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीको भनाइ थियो ।छलफलमा निर्वाचन आयुक्तद्वय सगुनशमशेर जबरा र डा जानकीकुमारी तुलाधर, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरुको उपस्थिति थियो ।भेटमा अगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनलाई, निष्पक्ष, पारदर्शी एवम् भयमुक्त वातावरणमा सम्पन्न गराउन समग्र शान्तिसुरक्षा र निर्वाचनको समय व्यवस्थापनको तयारीका बारेमा पनि छलफल भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।रासस

# नेपालमा कोरियाली लगानी भित्र्याउनु प्राथमिकताः राजदूत तुम्बाहाम्फे



काठमाण्डु । दक्षिण कोरियाका लागि नेपाली राजदूत डा शिवमाया तुम्बाहाम्फेसँग दक्षिण कोरियाको ग्वाङ्जुमा अवस्थित नेपालका अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनले शिष्टाचार भेट गर्नुभएको छ ।

नेपाली राजदूतावास, सउलमा सम्पन्न उक्त भेटमा नेपाल-कोरियाबीचको कूटनीतिक सम्बन्ध, आपसी सहकार्य तथा आर्थिक साझेदारीका विविध पक्षमा विस्तृत र अर्थपूर्ण छलफल भएको त्यहाँस्थित दूतावासले जनाएको छ । भेटमा राजदूत तुम्बाहाम्फेले नेपालमा कोरियाली लगानी भित्र्याउनु दूतावासको प्रमुख प्राथमिकता रहेको उल्लेख गर्नुभएको थियो । उहाँले नेपाली उत्पादनलाई कोरियाली बजारमा प्रवर्द्धन गर्ने प्रशस्त सम्भावना रहेको, हाल नेपाल लगानीयोग्य मुलुकका रूपमा अघि बढिरहेको र सरकारले लगानीमैत्री वातावरण सृजना गर्न नीतिगत तथा प्रक्रियागत सुधारलाई सरल र सहज बनाइरहेको हुँदा यी विषयहरू आफ्नो कन्सुलर क्षेत्रभित्रका सम्भावित लगानीकर्तालाई अवगत गराउन आग्रह गर्नुभयो ।

छलफलका क्रममा दक्षिण कोरियामा रहेका नेपाली विद्यार्थी तथा श्रमिकहरूले भोगिरहेका समस्या र तिनको समाधानका उपायबारे पनि गहन छलफल भएको थियो । विशेषगरी ग्वाङ्जु क्षेत्रमा रहेका नेपाली विद्यार्थीका लागि बीमालगायतका सामाजिक सुरक्षासम्बन्धी सेवाहरू कसरी अझ सहज, सरल, किफायती र पहुँचयोग्य बनाउन सकिन्छ भन्ने विषयमा राजदूत तुम्बाहाम्फेले अवैतनिक वाणिज्यदूतसँग समन्वय तथा सहकार्य गर्न आग्रह गर्नुभएको थियो । साथै, कोरियामा कार्यरत नेपाली श्रमिकहरूको हकहित संरक्षण तथा समस्या समाधानमा राजदूतावास र अवैतनिक वाणिज्यदूतबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको जनाइएको छ ।

भेटका क्रममा राजदूतावासले निकट भविष्यमा ग्वाङ्जु क्षेत्रमा बृहत् लगानी सम्मेलन आयोजना गर्ने सोच राखेको र सोका लागि सम्भाव्य लगानीकर्ताहरूको पहिचान र पहल गर्न राजदूत तुम्बाहाङ्फेले अवैतनिक वाणिज्यदूतलाई आग्रह गर्नुभयो । सोही अवसरमा अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनले ग्वाङ्जु क्षेत्रमा हालसम्म आफूले सम्पन्न गरेका गतिविधि, आफ्नो कार्यप्रगति तथा आगामी दिनमा नेपाल-कोरिया सम्बन्धलाई थप सुदृढ बनाउने योजना र पहलहरूबारे राजदूतलाई अवगत गराउनुभयो ।

नेपालप्रति विशेष आत्मीयता राख्ने अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओन आफूलाई 'नेपालको छोरा' भन्न रुचाउनुहुन्छ । उहाँले हालसम्म २१ पटक नेपाल भ्रमण गरिसक्नुभएको छ । सन् २०१५ को भूकम्पका बेला पहिलो कोरियाली राहत टोलीको नेतृत्व गर्दै नेपाल पुग्नुभएका जिओनले कोरियाली चिकित्सकसहितको ठूलो टोली लिएर नेपालको उक्त विपद्को घडीमा उल्लेखनीय सहयोग पुऱ्याउनुभएको थियो । उहाँको यस योगदानले नेपाल-कोरियाबीचको जनस्तरीय सम्बन्धलाई थप बलियो बनाएको विश्वास व्यक्त गरिएको छ ।रासस

# कांग्रेस विरासत जोगाउने र एमाले जित दोहो-याउने दाउमा

महेन्द्रनगर । आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तीनवटा निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा चुनावी सरगर्मी बढेको छ ।

राष्ट्रिय राजनीतिमा परिचित नेताहरुको जिल्लामा पनि पर्छ कञ्चनपुर । यहाँको निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिष्ट पार्टीबाट पूर्वमन्त्री बीना मगर उम्मेदवारका रुपमा चुनावी मैदानमा हुनुहुन्छ । राष्ट्रिय राजनीतिमा पारिवारिक कारणले पनि परिचित बीना निर्वाचन क्षेत्र नं १ मा २०७९ सालको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार तारा लामा तामाङसित पराजित हुनुभएको थियो । नेकपा एमालेले यस क्षेत्रबाट पुनः तामाङलाई उम्मेदवार बनाएको छ । २०७९ सालको निर्वाचनमा सुदूरपश्चिमबाट बैतडी र कञ्चनपुर-१ मा मात्रै एमालेले चुनाव जितेको थियो ।

नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार बीना भने २०७४ सालको जित फर्काउने रणनीतिअनुसार चुनावी मैदानमा हुनुहुन्छ । क्षेत्र नं १ मा नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टीसितको मुख्य प्रतिस्पर्धामा नेपाली कांग्रेसका उम्मेदवार गोपीप्रसाद उपाध्याय पहिलोपटक चुनावी मैदानमा हुनुहुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट पनि पहिलोपटक जनकसिंह धामी मैदानमा हुनुहुन्छ । स्वतन्त्रसहित १९ जना उम्मेदवार रहेको क्षेत्र नं १ मा प्रमुख तीन राजनीतिक दलबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

त्यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा पनि चुनावी भिडन्त रोचक हुँदै छ । नेपाली कांग्रेसबाट पूर्वमन्त्री नारायणप्रकाश साउँद चुनावी मैदानमा हुनुहुन्छ । लगातार यहाँबाट चुनाव लड्दै आउनुभएका साउँद २०७९ सालको निर्वाचनमा यहाँबाट विजयी हुनुभएको थियो । उहाँले नेकपा (एमाले)का उम्मेदवार नरबहादुर धामीलाई पराजित गर्नुभएको थियो । २०७४ सालको निर्वाचनमा एमालेका धामीले साउँदलाई पराजित गर्दै यहाँबाट निर्वाचित हुनुभएको थियो । यो पटक एमालेबाट यहाँ युवानेता बचनबहादुर सिंह चुनावी मैदानमा हुनुहुन्छ । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका नेता दीपक बोहराले पनि यही क्षेत्रलाई रोजेर पहिलोपटक चुनावी मैदानमा सक्रियता बढाउनुभएको छ । नेपाली कम्युनिष्ट पार्टीले युवा नेता माधव पन्तलाई उम्मेदवार बनाएको छ । माधवको पनि प्रतिनिधिसभाको पहिलो चुनावी भिडन्त हो ।



त्यसैगरी कञ्चनपुरको सदरमुकाम महेन्द्रनगर पर्ने निर्वाचन क्षेत्र नं ३ आसन्न निर्वाचन चर्चाको केन्द्रमा छ । नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई पार्टीले उम्मेदवार हुनबाट वञ्चित गरेपछि यहाँको चुनावी माहोल अझ रोचक देखिन्छ । पार्टी सङ्गठनका हिसाबले कञ्चनपुर क्षेत्र नं ३ नेपाली कांग्रेसका मजबुद क्षेत्र मानिन्छ । यही क्षेत्रबाट पटक-पटक नेता लेखक विजयी हुनुभयो । तर हाल कांग्रेसभित्रको आन्तरिक कलह र विवाद भइरहँदा यहाँबाट कांग्रेसका पूर्वजिल्ला सभापति हरिप्रसाद बोहराले टिकट ल्याउनुभएको छ । तर निर्वाचनमा बाजी मार्न भने निकै मेहनत गर्नुपर्ने स्थानीयको भनाइ छ ।

पहिलोपटक प्रतिनिधीसभा सदस्य निर्वाचनको उम्मेदवार बन्नुभएका बोहरालाई कांग्रेसको विरासत निर्वाचन जितेर जोगाउनुपर्ने चुनौती छ । उता नेकपा (एमाले) ले यहाँबाट पूर्वसांसद डा दीपकप्रकाश भट्टलाई चुनावी मैदानमा उतारेको छ । भट्टले २०७४ सालको निर्वाचनमा कांग्रेस नेता रमेश लेखकलाई पराजित गर्नुभएको थियो । २०७९ सालमा भने कांग्रेस नेता लेखकले यहाँ एमाले नेत्री नीरुदेवी पाललाई भारी मतान्तरले पारजित गर्दै विजयी हुनुभएको थियो ।

त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बन्नुभएका नेता मानबहादुर सुनार पनि यहाँ बलियो पकड भएका नेताका रुपमा चिनिनुहुन्छ । प्रदेशसभा सदस्य भइसक्नुभएका सुनारको आधार क्षेत्र महाकाली नदी पारिको दोधारा चाँदनी मानिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले ज्ञानेन्द्र महतालाई चुनावी मैदानमा उतारेको छ । यो क्षेत्रमा यो पटक नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारहरुबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

नेपाली कांग्रेस कञ्चनपुरका पार्टी सचिव भीमराज भट्टले तीन वटै निर्वाचन क्षेत्रमा चुनाव प्रचारप्रसार समिति गठन गरेर चुनावी मैदानमा होमिएको जानकारी दिनुभयो । "९२ वटै वडामा सम्पर्क कार्यालय खोल्ने तयारी पनि छ," सचिव भट्टले भन्नुभयो, "विभिन्न तहमा बैठक बसेर पार्टीलाई सक्रिय गराउने काम भइरहेको छ ।"त्यसैगरी नेकपा (एमाले) का सचिव पल्लभराज भट्टले विभिन्न तहमा पार्टीको चुनाव केन्द्रित बैठकहरु सञ्चालन भइरहेको बताउनुभयो । "पार्टीको केन्द्रको घोषणा पत्र आएपछि स्थानीय एजेन्डा थपेर जिल्लामा पनि घोषणा पत्र बनाउने छौँ," उहाँले भन्नुभयो, "हामी आसन्न निर्वाचनको व्यापक आन्तरिक तयारीमा जुटेका छौँ ।"रासस

# नालापानी युद्धमा वीरगति प्राप्त गरेका खड्कालाई राष्ट्रिय विभूति घोषणा गर्न माग

काठमाण्डु । तत्कालीन नालापानी युद्धमा महत्वपूर्ण योगदान पुर्याएका तत्कालीन सेनाका सुवेदार दयाराम खड्कालाई राष्ट्रिय विभूति घोषित गर्न माग गरिइएको छ ।

राष्ट्रियसभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको विहीबारको बैठकमा इतिहास विद् प्राडा श्रीरामप्रसाद उपाध्यायले नालापानीको ऐतिहासिक युद्धमा वीरगति प्राप्त गर्नुभएका खड्काको सम्मानमा विभिन्न कार्यक्रम र संरचना निर्माण गर्नुपर्ने सुझाब दिनुभयो । " अङ्ग्रेज विरुद्धको नालापानीको लडाइँमा दयाराम खड्का तिग्रामा छर्रा लाग्दा पनि अन्तिमसम्म लडाइँ जारी राख्दै प्राण त्याग गर्नुभएको थियो", प्राडा उपाध्यायले भन्नुभयो, "त्यसैले अमर जवान दयाराम खड्कालाई राष्ट्रिय विभूति घोषित गरिनुपर्छ ।" उहाँले प्यूठानको रम्दिकोट र नालापानीमा खड्काको पूर्ण कदको सालिक स्थापना गरी सो क्षेत्रलाई उद्यानका रूपमा विकास गर्न सुझाव दिनुभयो । खड्काको स्मृतिमा प्रतिष्ठान स्थापना गर्न सरकारी तथा गैर राजनीतिक क्षेत्रबाट आर्थिक सहयोग जुटाउनुपर्ने, खड्काका सन्ततिलाई छात्रवृत्ति तथा सरकारी सेवामा उचित स्थान दिनुपर्ने मागसमेत अघि सारिएको छ ।

समितिको छलफलमा नालापानीयुद्धका वीर कम्पनी कमान्डर सुवेदार दयाराम खड्का प्रतिष्ठानका प्रतिनिधिले बाटो, अस्पताल, विद्यालय, केबलकार जस्ता संरचना राष्ट्रिय विभूतिकै नामबाट नामाकरण गर्नुपर्ने माग राखेका थिए । प्रतिष्ठानकोतर्फबाट रम्दिकोटमा पर्यटन प्रवर्द्धनका लागि केबलकार निर्माण गरी उक्त क्षेत्रको नाम 'दयाराम रामकोट' राख्नुपर्ने प्रस्ताव गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयायन मन्त्रालयले प्रदान गर्ने पुरस्कार दयाराम खड्काको नामबाट स्थापना गर्न, विद्यालय तथा क्याम्पसका पाठ्यक्रममा राष्ट्रिय विभूतिसम्बन्धी पाठ समावेश गर्ने छ। रासस

# प्रदेशसभाको हिउँदे अधिवेशन आव्हान गर्न सिफारिश




विराटनगर । कोशी प्रदेश सरकारले प्रदेशसभाको आगामी हिउँदे अधिवेशन यही माघ २५ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको छ । विहीबार बसेको मन्त्रिपरिषद् बैठकले आगामी माघ २५ गते दिउँसो २ बजेदेखि प्रदेशसभाको बैठक बोलाउने गरी सिफारिस गरिएको आन्तरिक मामला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले जानकारी दिनुभयो ।

बैठकका निर्णयहरूबारे जानकारी दिँदै मन्त्री पराजुलीले हाल प्रदेशसभाको आफ्नै भवन र सचिवालय निर्माणको क्रममा रहेकाले वैकल्पिक व्यवस्थास्वरूप विराटनगरस्थित वीरेन्द्र सभागृहमा अधिवेशन सञ्चालन गरिने जानकारी दिनुभयो । मासिक रु आठ लाख भाडा दिने गरी बैठक सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो ।

मन्त्रिपरिषद् बैठकले प्रदेशको विकास र कानुनी संरचनासँग सम्बन्धित अन्य छ वटा महत्त्वपूर्ण निर्णयहरू समेत गरेको छ । सरकारले मन्त्रिपरिषद्को कानुन, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जित भई आएको कोशी प्रदेश योजना आयोग गठन तथा सञ्चालन (गठन आदेश) २०८२ लाई स्वीकृत गरेको छ । त्यसैगरी, प्रदेशमा कानुनी सहायतासम्बन्धी व्यवस्था गर्नका लागि कोशी प्रदेश कानुनी सहायता विधेयकको मस्यौदा तयार पार्न सैद्धान्तिक सहमति दिएको छ । बैठकले विकास आयोजनातर्फ नेपाल र जापान सरकारबीचको आपसी सहमतिमा सञ्चालित कोशी पम्प चन्द्रनहर सिँचाइ आयोजनामा प्रयोग हुने सवारी साधनलाई कर छुट दिने प्रस्ताव पारित गरेको छ ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेश सरकारको तर्फबाट साढे १२ प्रतिशत म्याचिङ फण्ड उपलब्ध गराउने निर्णय भएको छ । यो कायक्रम अन्तर्गत सङ्घीय सरकारले रु ७७ करोड पुँजीगत र चालु रु ७० लाख उपलब्ध गराएका छ ।रासस


मधेश प्रदेश सरकार

खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/१०/१६

यस मन्त्रालयको मिति २०८२/०९/ ०६ को PPMO e–procurement portal तथा जनकपुर टुडे दैनिकमा प्रकाशित बोलपत्र Sealed Quotation दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसारको म्याद भित्र रित्तपूर्वक दर्ता आएका बोलपत्रदाताको Sealed Quotation दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई दरभाउ स्वीकृतको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा जारी दरभाउ सम्बन्धि कागजातको ITB बमोजिम निजहरुले पेश गरेको Sealed Quotation दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

| S. N | Contactract ID | Name Of Project | Lowest Evaluated Responsive Bidder | Bid Price ( without VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1 | MOSSW/ Work/82-83/ SQ-1 | Construction of Senior citizen Meeting center, Nagarain, Municipality,ward No.8 | Chandrarekha Builders and suppliers Pvt.Ltd,Jankpur & Dhanusha | 1163071.00 |
| 2 | MOSSW/ Work/82-83/ SQ-2 | Construction of Senior citizen Meeting center, Mukhiyapatti, Musrsniya Rular Municipality,ward No.6 | Raees Construction and Supplier, Jaleshwar-2Mahotari | 927532.30 |
| 3 | MOSSW/ Work/82-83/ SQ-3 | Construction Work of Satguru Kabir Bal Aashram, Janakpur | Chandrarekha Builders and suppliers Pvt.Ltd,Jankpur& Dhanusha | 1001122.25 |

# निर्वासनबाट हसिनाद्वारा बङ्गलादेशी चुनावको आलोचना



एपी

ढाका । बङ्गलादेशकी बहिष्कृत पूर्वप्रधानमन्त्री शेख हसिनाले भारतमा रहेको आफ्नो निर्वासनबाट देशमा हुन लागेको आम निर्वाचनको कडा आलोचना गर्नुभएको छ। आफ्नो दल अवामी लिगलाई चुनावबाट प्रतिबन्ध लगाएपछि आगामी निर्वाचन समावेशी, स्वतन्त्र र निष्पक्ष हुन नसक्ने उहाँको भनाइ छ।

सन् २०२४ मा विद्यार्थी आन्दोलनमाथि गरिएको दमनका कारण अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले गत हप्ता एसोसिएटेड प्रेसलाई इमेलमार्फत प्रतिक्रिया दिँदै समावेशी चुनाव नहुँदा बङ्गलादेश लामो समयसम्म राजनीतिक अस्थिरतामा फस्ने चेतावनी दिनुभएको थियो ।नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले जानाजानी पूर्व सत्तारूढ अवामी लिगलाई चुनाव प्रक्रियाबाट बाहिर राखेर लाखौँ समर्थकलाई मताधिकारबाट वञ्चित गरेको हसिनाको दाबी छ। उहाँका अनुसार ठूलो जनसमूहलाई राजनीतिक सहभागिताबाट हटाउँदा असन्तुष्टि गहिरिन्छ, संस्थाहरू कमजोर बन्छन् र भविष्यमा थप अस्थिरताको आधार तयार हुन्छ।

हसिनाले बहिष्करणबाट बनेको सरकारले विभाजित राष्ट्रलाई एकताबद्ध गर्न नसक्ने स्पष्ट गर्नुभएको छ ।फेब्रुअरी १२ मा हुने निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । दशकौँयताकै सबैभन्दा महत्त्वपूर्ण मानिएको यो निर्वाचन सामूहिक विद्रोहपछि हसिना सत्ताबाट हटेपछि पहिलो पटक हुन लागेको हो। अन्तरिम प्रशासनले निर्वाचनको निगरानी गरिरहेको छ भने मतदाताले प्रस्तावित संवैधानिक सुधारसम्बन्धी जनमतसङ्ग्रहमा पनि मत दिनेछन्।

अगस्ट ५, २०२४ मा हिंसात्मक आन्दोलनपछि हसिना भारत भाग्नुभएको तीन दिनपछि युनुसले बङ्गलादेश फर्किएर पदभार सम्हाल्नुभएको थियो । उहाँले स्वतन्त्र र निष्पक्ष चुनावको प्रतिबद्धता जनाउनुभएको छ। तर आलोचकहरूले अवामी लिगमाथिको प्रतिबन्धका कारण निर्वाचन साँच्चै समावेशी हुन्छ कि हुँदैन भन्ने प्रश्न उठाएका छन् ।सुरक्षाको अवस्था र जनमतसङ्ग्रहले संविधानमा ठूलो परिवर्तन ल्याउने सम्भावनाप्रति पनि चिन्ता व्यक्त गरिएको छ । युनुसको कार्यालयले सुरक्षा बलले निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने र हिंसामार्फत नतिजा प्रभावित हुन नदिने बताएको छ। अन्तर्राष्ट्रिय पर्यवेक्षक र मानव अधिकार संस्थाहरूलाई पनि अनुगमनका लागि आमन्त्रण गरिएको छ।

हसिनाको निष्कासनपछि मानव अधिकार, अल्पसङ्ख्यकको सुरक्षा र प्रेस स्वतन्त्रताका विषयमा बङ्गलादेशमा चिन्ता बढेको छ । इस्लामवादी समूहहरूको प्रभाव बढ्दै गएको र विशेषगरी हिन्दू समुदायमाथि आक्रमण भएको आरोप पनि उठेका छन् ।यसैबीच, तारिक रहमानको नेतृत्वमा रहेको बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएको छ। रहमानले देशको स्थिरताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।एपीलाई पठाएको इमेलमा हसिनाले राजनीतिक प्रतिबन्ध र बहिष्कारको चक्र अन्त्य गर्नुपर्ने बताउँदै जनताको वास्तविक सहमतिमा आधारित वैध सरकार आवश्यक रहेको धारणा राख्नुभएको छ। उहाँका अनुसार राष्ट्रले आफ्नो घाउ निको पार्ने सबैभन्दा सही बाटो यही हो।

# शनिबारदेखि साफ यु-१९ महिला च्याम्पियनसिप



कास्की। पर्यटकीय राजधानी पोखरामा यही माघ १७ देखि २४ गतेसम्म दक्षिण एशियाली खेलकुद महासङ्घ(साफ) यु-१९ महिला च्याम्पियनसिप सुरु हुँदैछ।

साफको तालिका अनुसार पोखरा रङ्गशालास्थित अन्तरराष्ट्रिय फुटबल रङ्गशालामा हुन लागेको प्रतियोगितामा नेपालसहित चार देशको सहभागिता रहने विहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा साफका महासचिव पुरुषोत्तम कट्टेलले जानकारी दिनुभयो । प्रतियोगितामा नेपालसहित भारत, बङ्गलादेश र भुटानको सहभागिता रहने छ । साफका महासचिव कट्टेलले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो । सहभागी देशका खेलाडी आज साँझसम्म पोखरा आइपुग्ने उहाँको भनाइ थियो।

"साफ महिला फुटबल पहिलोपटक राजधानी काठमाडौँ बाहिर सञ्चालन हुँदैछ। प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। आज साँझसम्म सहभागी देशका खेलाडी, प्रशिक्षक तथा टोली व्यवस्थापकलगायत यहाँ आइपुग्नुहुन्छ", महासचिव कट्टेलले भन्नुभयो। सहभागी टोलीका लागि पोखराको लामाचौरस्थित गोष्तेघाट खेल मैदानमा प्रशिक्षणको व्यवस्था मिलाइएको छ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) को समन्वय तथा अखिल नेपाल फुटबल महासङ्घ (एन्फा) को आयोजनामा हुने प्रतियोगिता 'राउन्ड रोबिन लिग' प्रणालीमा सञ्चालन हुनेछ। यसम प्रत्येक टोलीले अन्य टोलीसँग एक-एक खेल खेल्नेछ।

लिग चरणपछि शीर्ष दुई टोलीले माघ २४ गते हुने फाइनलमा उपाधिका लागि प्रतिस्पर्धा गर्ने एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले जानकारी दिनुभयो । प्रतियोगिताले पोखरालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद कार्यक्रमको महत्वपूर्ण केन्द्रका रूपमा थप स्थापित गर्ने विश्वास लिइएको उहाँले बताउनुभयो।

कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले फुटबल मैदानको स्तरोन्नति, प्लेयर बक्स निर्माणलगायत काम सम्पन्न भएको जानकारी दिनुभयो। लामो प्रतिक्षापछिपोखरामा अन्तरराष्ट्रिय प्रतियोगिता आयोजनाले यस क्षेत्रका खेलकुदकर्मी उत्साहित बनेका उहाँले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्न रु दुई करोड ४५ लाख खर्च हुने आयोजकले जनाएको छ ।रासस

# भियतनाम-इयु रणनीतिक साझेदारी सुदृढ

एएफपी

हनोइ। भियतनाम र युरोपेली सङ्घ (इयु) ले बिहीबार कूटनीतिक सम्बन्धलाई औपचारिक रूपमा उन्नयन गर्दै व्यापार, प्रविधि र सुरक्षाका क्षेत्रमा थप गहिरो सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाको हनोई भ्रमणका क्रममा दुवै पक्षबीच भएको छलफलपछि सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीको स्तरमा पुऱ्याइएको हो।

प्रेस ब्रिफिङमा कोस्टाले भियतनाम र इयुबीचको सम्बन्धलाई अझ उच्च स्तरमा उकासिएको बताउँदै यसले दुवै पक्षको दीर्घकालीन छ।

संयुक्त राज्य अमेरिकाले भियतनामी निर्यातमा नयाँ २० प्रतिशत भन्सार शुल्क लगाए पनि भियतनामले गत वर्ष आठ प्रतिशत आर्थिक वृद्धि हासिल गर्दै क्षेत्रीय अर्थतन्त्रको उज्यालो पक्षका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ। गहिरिँदो व्यापारिक अनिश्चितताका बीच भियतनाम संयुक्त राज्य अमेरिका र चीनबाहेक अन्य नयाँ बजार खोज्ने प्रयासमा रहेको देखिन्छ ।गत हप्ता लामो समयपछि आयोजना गरिएको नेतृत्वस्तरीय सम्मेलनमा पार्टीले राष्ट्रिय सुरक्षा, आन्तरिक स्थिरता र विदेश नीतिलाई प्राथमिकतामा राख्दै भावी रणनीति तय गरेको



हितलाई मजबुत बनाउने धारणा व्यक्त गर्नुभयो। उहाँले यो उन्नयनले इयु-भियतनाम सहयोगको गहिराइ र विस्तार दुवैलाई प्रतिबिम्बित गर्ने उल्लेख गर्दै व्यापार, हरित ऊर्जा, विकास अर्थतन्त्र, सुरक्षा र रक्षाका क्षेत्रमा अझ धेरै सम्भावना रहेको स्पष्ट पार्नुभयो।

यो समझदारी भियतनामको कम्युनिष्ट पार्टीले टो लामलाई देशको शीर्ष नेताका रूपमा पुनः पुष्टि गरेको एक हप्ता नबित्दै भएको हो। यसले देशलाई व्यापक विकास उन्मुख परिवर्तनतर्फ लैजाने उहाँको दृष्टिकोणलाई अन्तर्राष्ट्रिय स्तरबाट समर्थन मिलेको सङ्केत दिएको छ। भियतनाम र इयुले सन् २०१९ मा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेपछि द्विपक्षीय व्यापारिक आदानप्रदान झन्डै ४० प्रतिशतले वृद्धि भएको छ। यद्यपि इयुसँग भियतनामको बढ्दो व्यापार अधिशेषले केही युरोपेली नेताहरूलाई चासोमा पारेको छ, जसका कारण अटोमोबाइलजस्ता इयु उत्पादनमा रहेका गैर-कर अवरोध हटाउन आग्रह गरिएको थियो। इयुसँगको सम्बन्ध स्तरोन्नति अमेरिकाबाहेकका बजारमा निर्यात विविधीकरण गर्ने भियतनामको रणनीतिक प्रयासको एक हिस्सा भएको भियतनाम विज्ञ तथा बोस्टन कलेजका अतिथि विद्वान खाङ वु ले बताउनुभएको छ।

उहाँका अनुसार भियतनाम खुला र स्थिर अन्तर्राष्ट्रिय व्यापार वातावरण कायम राख्न चाहन्छ र यसमा इयुले सहयोग पुऱ्याउन सक्नेछ। हाल भियतनामको चीन, रुस र संयुक्त राज्य अमेरिकासँग पनि व्यापक रणनीतिक साझेदारी कायम छ। सन् २०२२ यता भियतनामले करिब एक दर्जन देशहरूसँग समानस्तरका साझेदारीमा सहमति जनाएको छ। यसमार्फत देशले नयाँ बजार, ज्ञान र प्रविधि उपयोग गर्दै अन्तर्राष्ट्रिय भूमिकालाई अझ सुदृढ बनाउने लक्ष्य लिएको छ ।विश्वका प्रमुख शक्तिहरूसँग सन्तुलित सम्बन्ध कायम राख्ने उद्देश्यले भियतनामले लामो समयदेखि आफ्ना नेताहरूले लचकदार सन्तुलन कूटनीति भनेर व्याख्या गर्ने व्यावहारिक विदेश नीति अभ्यासलाई निरन्तरता दिँदै आएको छ।

# इरानको क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लागू गर्ने तयारीमा इयु

एपी

ब्रसेल्स । राष्ट्रव्यापी विरोध प्रदर्शनमा तेहरानको दमनमा इरानको अर्धसैनिक क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लगाउन युरोपेली सङ्घ (इयु) तयारी अवस्थामा देखिन्छ । यसले इस्लामिक गणतन्त्रमा थप दबाब दिएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित सैन्य आक्रमणको खतरालाई पनि बढाएको छ।

अमेरिकाले युएसएस अब्राहम लिङ्कन र अन्य निर्देशित मिसाइल विध्वंसकहरू मध्यपूर्वमा पठाएको छ। इरानले पनि प्रतिघातको चेतावनी दिएको छ, जसले अमेरिकी सैन्य आधार र इजरायलसहित क्षेत्रीय लक्ष्यहरूलाई जोखिममा पार्न सक्छ। विरोध प्रदर्शनमा कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको बताइएको छ। इयुका शीर्ष कूटनीतिज्ञ काजा कालासले प्रतिबन्धको 'सम्भावना' रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यदि तपाईँ आतङ्ककारीका रूपमा कार्य गर्नुहुन्छ भने तपाईँलाई आतङ्ककारीका रूपमा पनि व्यवहार गर्नुपर्छ ।" इरानले यसबारे तत्काल टिप्पणी गरेको छैन, तर यसअघि युरोपको आलोचना गरिसकेको छ।

इयुमा प्रतिबन्ध लागू गर्न ब्लकका २७ राष्ट्रमा सर्वसम्मति आवश्यक छ । फ्रान्सले गार्डलाई आतङ्ककारी सूचीमा राख्ने प्रस्तावलाई समर्थन गरेको छ र फ्रान्सेली विदेशमन्त्री जीन-नोएल बारोटले भन्नुभयो, "इरानमा गरिएका अपराधका लागि कुनै दण्डमुक्ति हुन सक्दैन ।"क्रान्तिकारी गार्ड सन् १९७९ को इस्लामिक क्रान्तिबाट स्थापना भएको थियो र त्यसयता देशको शिया धर्मगुरु-प्रधान शासनको सुरक्षा गर्दै आएको छ।

# म्यान्मारको 'स्क्याम माफिया'का ११ जनालाई चीनमा मृत्युदण्ड

बीबीसी

काठमाण्डु । म्यान्मारबाट विभिन्न खालका ठगीधन्दा सञ्चालन गर्ने एउटा कुख्यात गिरोहका ११ जनालाई चीनमा मृत्युदण्ड दिइएको चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन्।

चीनको जेजिआङ प्रान्तस्थित अदालतले हत्या गरेको, बन्धक बनाएको, ठगी गरेको र जुवाघर चलाएको अभियोगमा उनीहरूलाई गत सेप्टेम्बर महिनामा दोषी ठहर गर्दै सजाय सुनाएको थियो । उनीहरू सबै मिङ परिवारका सदस्य हुन्।

चीनको सीमानजिकै म्यान्मारमा अवस्थित लाउकाइङ सहरमा केही अन्य गिरोहसहित मिङ परिवारको पनि वर्चस्व थियो।

लाउकाइङ कुनै बेला निकै विपन्न र पिछडिएको थियो। उनीहरूको नियन्त्रणमा आएपछि उक्त ठाउँको कायापलट भयो र त्यहाँ जुवाघर तथा वेश्यालयहरू खुले। सन् २०२३ मा म्यान्मारका अधिकारीहरूले उनीहरूलाई पक्राउ गरेर चीनलाई बुझाएपछि ठगीधन्दा गर्ने मिङ परिवारको साम्राज्य धराशायी भयो। बेइजिङले दबाव दिएपछि म्यान्मारले उक्त कारबाही गरेको थियो।



म्यान्मारबाट सञ्चालित ठगीधन्दामा वर्षौँदेखि हजारौँ चिनियाँ कामदारहरू फसेका छन्। चीनबाट तस्करी गरेर स्क्याम सेन्टरहरूमा ल्याइएका मानिसलाई विदेशमा बस्ने व्यक्तिहरूलाई ठग्ने काममा बलपूर्वक लगाइन्छ। गत वर्ष कार्यक्रम गर्न भनेर थाईल्यान्ड उडेका एक चिनियाँ कलाकारलाई म्यान्मारस्थित स्क्याम सेन्टरमा लगिएको घटनाबारे चिनियाँहरूले इन्टरनेटमा धेरै सोधखोज गरे।त्यस्ता घटनाहरूले बेइजिङ चिढियो। चीनले पहिलादेखि नै म्यान्मारका सैन्य शासकहरूसँग स्क्याम माफिया नियन्त्रण गर्न माग गर्दै आएको थियो।

चीनको उच्च अदालतका अनुसार मिङ माफियाले सञ्चालन गरेका ठगीधन्दा र जुवाघरहरूबाट सन् २०१५ देखि २०२३ सम्म १० अर्ब यूआनभन्दा बढी (झन्डै १.४ अर्ब अमेरिकी डलर) कमाइ भएको थियो। सेप्टेम्बरमा दोषी ठहर भएका अभियुक्तहरूले गरेको पुनरावेदन उक्त अदालतले अस्वीकार गरिदिएको थियो।

अदालतका अनुसार उनीहरूले गरेका अपराधबाट १४ चिनियाँ नागरिकको मृत्यु भएको र अरू कैयौँ जना घाइते भएका थिए। सन् २००० को दशकको सुरुतिर सेनाले लाउकाइङमा प्रभुत्व जमाएर बसेका एक लडाकुलाई खेदेपछि त्यहाँ मिङ र केही अरू परिवारको हालीमुहाली बढ्यो।अपराधको संसारमा रमाउने ती परिवारहरूले केही वर्षयता साइबरसंसारमा आपराधिक गतिविधि बढाए। विशाल स्क्याम सेन्टरहरूभित्र हिंसात्मक गतिविधि पनि हुने गरेको त्यहाँबाट उम्किएका कामदारहरूले बयानका क्रममा बताएका छन्।


तर सन् २०२३ मा म्यान्मारको सैन्य सरकारले दमन गर्न थालेपछि ती आपराधिक गिरोहहरूमाथि सङ्कट आइपर्न थाल्यो।म्यान्मारले माफियामा संलग्न दर्जनौँ मानिसलाई पक्राउ गरेर चीनलाई हस्तान्तरण गऱ्यो। तीमध्ये चीनले ११ जनालाई मृत्युदण्डको फैसला सुनायो भने २० जनाभन्दा बढीले पाँच वर्षदेखि जन्मकैदसम्मको सजाय पाएका छन्।म्यान्मारमा सन् २०२३ यता चिनियाँ र म्यान्मारका अधिकारीहरूले साइबरठगीमा संलग्न भएका ५७,००० भन्दा बढी चिनियाँ नागरिकलाई पक्राउ गरेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ।

# डब्ल्युएफपिओद्वारा यमनी हुथी विद्रोहीको कब्जामा रहेको क्षेत्रमा कार्यरत सबै कर्मचारीको सम्झौता खारेज

एएफपी

साना। विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपिओ)ले हुथी नियन्त्रित यमनमा रहेका सबै ३६५ कर्मचारीको सम्झौता अन्त्य गर्ने भएको संयुक्त राष्ट्रसङ्घका एक अधिकारीले बिहीबार एएफपीसँग बताएका छन् । नाम नबताउने सर्तमा ती अधिकारीले भने, "भोकमरीले गम्भीर रूपमा पीडित क्षेत्रमा पनि कार्यक्रम पूर्णरूपमा अन्त्य हुँदैछ ।"राष्ट्रसङ्घीय अधिकारीले भने, "इरान समर्थित हुथी विद्रोहीले ३८ जना कर्मचारीलाई हिरासतमा लिएपछि संयुक्त राष्ट्र सङ्घले विद्रोहीको कब्जामा रहेको क्षेत्रमा काम स्थगित गरेको हो।" "चुनौतीपूर्ण कोष र वातावरणसँगै डब्ल्यूएफपीले मार्चको अन्त्यदेखि ३६५ कर्मचारी सदस्यहरूको सम्झौता समाप्त गर्न आवश्यक ठानेको छ," उनले भने।

"वास्तविक हुथी अधिकारीहरूको नियन्त्रणमा रहेका क्षेत्रहरूमा काम गर्ने ३६५ यमनी कर्मचारीहरू डब्लुएफपीको कार्यक्रम सफल पार्न नियुक्त गरिएका सदस्यहरू हुन्," अधिकारीले भने। डब्लयुएफपीले यमनबाट अन्तर ाष्ट्रिय कर्मचारीलाई यसअघि नै



फिर्ता लिइसकेको थियो । संयुक्त राष्ट्रसङ्घको तथ्यांक अनुसार यमनमा करिब एक करोड ९५ लाख मानिस अर्थात् आधाभन्दा बढी जनसंख्यालाई सन् २०२५ मा मानवीय सहायताको आवश्यकता परेको थियो र ती अधिकांश यमनी हुथी नियन्त्रित क्षेत्रमा बस्छन् ।गत नोभेम्बरमा डब्लुएफपी र संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनले यमनलाई 'विनाशकारी भोकमरीको खतरा' भएको देश घोषणा गरेको थियो।

यद्यपि, गाजामा युद्ध सुरु भएदेखि नै कथित इजरायली जासुसी घेराहरूमाथि कारबाहीको एक भागको रूपमा हुथीहरूले बारम्बार संयुक्त राष्ट्रसङ्घीय निकायहरूमाथि निशाना बनाउँदै आएका छन्।अधिकारीले भने, "स्वेच्छाचारी गिरफ्तारीको अभियानका कारण अगस्ट २५ मा हाम्रो सुविधामा काम रोकिएको थियो।"संयुक्त राष्ट्रसङ्घका ६९ जना कर्मचारीलाई जासुसीको आरोप लगाउँदै पूर्ण रूपमा हिरासतमा लिएको छ। मानवीय सहायताका लागि खाद्यान्न उपलब्ध गराउने काममा सक्रिय वैश्विक निकायले जासुसीको आरोपलाई कडा रूपमा अस्वीकार गरेको छ।

हुथी विद्रोहीले सन् २०१४ मा राजधानी साना कब्जा गरेका थिए र अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई राजधानी सानाबाट हटाउन सफल भएका थिए । त्यसपछि साउदी अरबको नेतृत्वमा वर्षौं लामो सैन्य हस्तक्षेपले पनि उनीहरूलाई हटाउन असफल भएको थियो।


# सिटिजन्स स्तनक्यान्सर तथा प्रोस्टेट क्यान्सरबारे सचेतना वेबिनार आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना कर्मचारीहरूको स्वास्थ्यप्रति प्रतिबद्धता जनाउँदै स्तन क्यान्सर तथा प्रोस्टेट क्यान्सर सम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ। यस पहल अन्तर्गत क्यान्सर सम्बन्धी सही जानकारी प्रदान गर्ने, आम भ्रमहरू हटाउने तथा समयमै परीक्षण, रोकथाम र चिकित्सकीय परामर्शको महत्वबारे सचेतना फैलाउने उद्देश्य राखिएको हो। मेदान्ता मेडिसिटी अस्पताल,गुडगांव भारतसँगको सहकार्यले यस कार्यक्रमलाई अझ प्रभावकारी र विश्वसनीय बनाएको छ।

कार्यक्रम अन्तर्गत सबै महिला कर्मचारीहरूका लागि "स्तन क्यान्सर सम्बन्धी महिलाले जान्न र अभ्यास गर्नुपर्ने कुराहरू"विषयक वेबिनार आयोजना गरिएको हो, जसको योगदान पुऱ्याउने अपेक्षा बैंकले गरेको छ। बैंकले कर्मचारी, ग्राहक तथा अन्य सम्बन्धित निकायहरूका लागि आगामी दिनमा यस्तै सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ। बैंकका ग्राहकहरुलाई उपचारका क्रममा थप सहज सेवा प्राप्त हुने विश्वासले बैंकका कार्ड वाहक ग्राहक महानुभावहरुलाई मेडिसिटी अस्पतालको सेवा शुल्कमा १५५ सम्म छुट गरिएको छ।

"विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यस अघि नै फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ। हालसालै बैंकले नव युवा लक्षित बचत खाताँसिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट"र




डा. कञ्चन कौर, वरिष्ठ निर्देशक स्तन क्यान्सर मेदान्त अस्पतालले गर्नुभएको हो। यस कार्यक्रममा कुल ५१३ जना महिला कर्मचारीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए, जसले गर्दा कार्यक्रम अत्यन्तै अन्तरक्रियात्मक र प्रभावकारी बन्न सफल रह्यो।

त्यसैगरी ३० वर्ष वा सो भन्दामाथिका पुरुष कर्मचारीहरूका लागि "प्रोस्टेट क्यान्सरः भ्रम र यथार्थ" विषयक सत्र समेत सञ्चालन गरिएको छ।जसमा डा. पुनीत आहुलवालिया, वरिष्ठ निर्देशक मेदान्त अस्पतालले उक्त सत्रको सहजीकरण गर्नुभएको थियो। यसमा कुल ५०९ जना कर्मचारीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए। साथै दुवै वेबिनारले कर्मचारीहरूलाई स्वास्थ्यप्रति सचेत बनाउँदै दीर्घकालीन स्वास्थ्य सुरक्षामा

ँसिटिजन्सडिजी बैंक सेवा नामक एकीकिृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ। फ्रिलान्सरहरूलाई लक्षित गरी विशेषँफ्रिलान्सर सेविङ्ज अकाउन्ट नामक नयाँ बचत खाता सुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सी.आर.एन् नम्बर सेवा लिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्तगर्न सकिने समेत ल्याएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख ७६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# ग्लोबल आइएमई बैंकमा किओस्क मेसिनबाटै बैंक खाता खोल्ने सुविधा




**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई सरल, सहज र अत्याधुनिक बैंकिङ्ग प्रदान गर्ने उद्देश्यले ग्राहक स्वयंले बैंकको शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाट बैंक खाता खोल्न सक्ने सुविधा सार्वजनिक गरेको छ।

बैंकले आफ्नो १९औं वार्षिककोत्सवको अवसर पारेर किओस्क मेसिनबाटै खाता खोल्न सकिने सुविधा ल्याएको हो।

बैंकमा खाता खोल्नको लागि ग्राहकहरुले बैंकको काठमाडौंको कमलादीस्थित शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाटै सहज रुपमा आफ्नो बैंक खाता खोल्न सक्नेछन्।

यसरी खाता खोल्नेक्रममा सम्पूर्ण विवरणहरु किओस्क मेसिन मार्फ्त प्रदान गर्नुपर्नेछ। तत् पश्चात्, आवश्यक कागजातहरु प्रविष्टगरी खाता नम्बर उपलब्ध गराइनेछ। हालका लागि यो सेवा बैंकको कमलादीमा रहेको डिजिटल युनिभर्सबाट मात्र उपलब्ध रहेको छ।

यसअघि, बैंकले बैंकको कमलादीस्थित शाखामा रहेको डिजिटल युनिभर्समार्फत मेसिनबाटै क्यास डिपोजिट र चेक डिपोजिट जस्ता सेवाहरु उपलब्ध गराइरहेको थियो।

भविष्यमा यस्ता सेवालाई बैंकले अरु स्थानमा पनि विस्तार गर्दै जाने योजना राखेको छ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।

बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ। अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा संचालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउदै आएको छ।

# व्यापार तथा पर्यटन महोत्सव



तानसेन । पाल्पाको तानसेनमा विहीबारदेखि कृषि, व्यापार तथा पर्यटन महोत्सव सुरु भएको छ । पर्यटन, व्यापार, रोजगारी, कृषि र उद्योगको विकास र विस्तार गर्ने उद्देश्यले तानसेन नगरपालिकाको आयोजनामा यहाँको टुँडिखेल मैदानमा 'तेस्रो तानसेन महोत्सव' सुरु भएको हो।

तानसेन नगरपालिकाको मुख्य आयोजनामा लुम्बिनी प्रदेश वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको सह-आयोजना, शर्मा निर्माण सेवा बगनासकाली-९ पाल्पाको व्यवस्थापनमा महोत्सव आयोजना गरिएको मूल आयोजक समितिका संयोजक एवं तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले जानकारी दिनुभयो।

जलपरी, औद्योगिक वस्तु तथा सेवाको प्रदर्शनी र प्रवर्द्धन, लगायतका अवसर सिर्जना र आकर्षण गर्ने तथा लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन र साना उद्यमी एवं व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रम राखिको उहाँको भनाइ छ । महोत्सवमा कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी साथै पाल्पाली ढाका, करुवा, कृषि तथा पशुजन्यलगायत स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन गर्ने, स्थानीय भाषा, कलासंस्कृत, धार्मिक मूल्य र मान्यताको संरक्षण तथा स्थानीय प्रविधिलाई प्रोत्साहन र बाह्य प्रविधिको पहिचान गर्ने किसिमका क्रियाकलाप पनि राखिएको छ।

कृषि तथा पशुपक्षी, प्रतियोगितात्मक कार्यक्रम, स्थानीय उत्पादन, पाल्पाली ढाका, पाल्पाली करुवा, माटाका भाँडा, काठका ठेकाठेकी जस्ता कला तथा संस्कृतिको प्रदर्शनीसमेत महोत्सवमा हुने छ । महोत्सवमा विभिन्न उत्पादनका तीन सय भन्दा बढी स्टल रहेका छन्। जहाँ पाँच लाख बढी दर्शकले अवलोकन गर्ने नगर प्रवक्ता यादवसिंह कार्कीले बताउनुभयो । उहाँका अनुसार कृषि उत्पादन, लघु तथा घरेलु उत्पादन प्रदर्शनी, शैक्षिक सामग्री प्रदर्शनी, बैंक तथा वित्तीय संस्था, सूचना प्रविधि, अटो मोबाइल, स्वास्थ्य, पर्यटन तथा स्वदेशी अन्य उत्पादनका प्रदर्शनीका प्रदर्शनी कक्ष रहनेछन् ।रासस

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा
## हक दाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक जिल्ला धनुषा गा.वि.स.औरही वडा नं.७ मा बस्ने मल्हु नदाफको पत्नी हलिया नदाफनीले मेरो नाउँमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स.औरही वडा नं.७ कि.नं.७७६ क्षेत्रफल ०-१-० जग्गाको सेस्ता जीर्ण भई फेला नपरेकोले खेस्ता कायम गरी पाउँ भनी द.नं.४६३२ मिति २०८२/०६/२४ को माग निवेदनको सिलसिलामा हकदावी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग दावी अनुसारको खेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्ति वा संघ संस्थाको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको बिवरण |
|---|---|---|---|---|---|
| धनुषा | औरही | ७ | ७७६ | ०-१-०-० | जग्गाधनीको नाम थरः हलिया नदाफनी वतनः जि.ध.गा.वि.स. औरही वार्ड नं.७ पतिको नामः- मल्हु नदाफ |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा सपही गा.वि.स.वडा नं.९ हाल परिवर्तित लक्ष्मीनियाँ गाउँपालिका वडा नं.४ मा वस्ने श्री थानी यादवको नाती राम अनुग्रह यादवको छोरा जग नारायण यादवले बुवा राम अनुग्रह यादवको नाउँमा नापनक्सा भएको जि.ध.गा.वि.स.सपही वडा नं.९ कि.नं.४६७ क्षेत्रफल ०-१-१० जग्गा दर्ता गर्न छुट भएकोमा राम अनुग्रह यादवको मिति २०७८/१०/०७ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी जितनी देवी यादवको पनि मिति २०५८/०५/११ मा मृत्यु भई निजहरुको हकभोग खाने जेठा छोरा जग नारायण यादव-१, र कान्छा छोरा जोग नारायण यादव-१ समेत २ जना भएकोमा कान्छा छोरा जोग नारायण यादवको मंजुरीले उक्त जग्गा म निवेदक जग नारायण यादवको नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.४०९९ मिति २०८२/०६/०५ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/१०/०८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सपही | ९ | ४६७ | ०-१-१० | ज.ध.महलमा राम अनुग्रह यादव पं. सपही वार्ड नं.९ बाबु थानी यादव हस्ते एकाधरको भाई सही छाप गर्ने राम वरण यादव द. उल्लेख भएको। |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक जिल्ला धनुषा रमदैया भवाडी गा.वि.स.वडा नं.७ हाल परिवर्तित धरिवरनाथ न.पा.वडा नं.२ मा वस्ने रामनाथ यादव-१, नथुनी यादव-१, दामोदर यादव-१, बिरेन्द्र यादव-१, सुरेन्द्र यादव-१ र जितेन्द्र यादव-१ समेत ६ जनाले वादी नथुनी यादव तथा प्रतिवादी सुदामा देवी भएको दे.नं.१०१९ अंशवण्डा मुद्दामा मिति २०५९/१०/२७ मा मिलापत्र हुँदा रामचन्द्र यादव र राम औतार यादवको नाउँमा नापनक्सा भएको नि.च.गा.वि.स. रमदैया नवाही वडा नं.६ख कि.नं.२९ क्षेत्रफल ०-११-१६ र ऐ.वडा नं.८क कि.नं.२२ क्षेत्रफल ०-१२-१ जग्गा दर्ता गर्न छुट भएकोमा मिलापत्रमा तपसिल बमोजिम अंशभागमा परेकोले हामी निवेदकहरुको नाममा छुट जग्गा दर्ता वा.खा. नामसारी गरि पाउँ भनी व.नं.८५६७ मिति २०८२/०८/२२ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदाबी सम्बन्धी सूचना प्रकाशन गर्ने बनी यस कार्यालयको मिति २०८२/१०/१३ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता वा.खा. नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण वादी उजुर गर्न आउनु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सुचित गरिन्छ। तपसिल

**१. छुट जग्गा दर्ता हुने जग्गाको विवरण**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ८क | २२ | ०-१२-१ | यो जग्गा पं.रमदैया भवाडी बस्ने राम औतार यादवको नम्बरी हो प्रमाणित गर्ने वा.स.मनि यादव दस्तखत |
| धनुषा | रमदैया भवाडी | ६ख | २९ | ०-११-१६ | यो जग्गा पं.रमदैया भवाडी वार्ड नं.७ बस्ने रामचन्द्र यादवको नम्बरी हो प्रमाणित गर्ने वा.पंच.स.रामफल यादव दस्तखत। |

**२. मिलापत्र बमोजिम छुट जग्गा दर्ता वा.खा.नामसारी हुने जग्गाको विवरणः-**

**क.रामनाथ यादवको नाममा दर्ता हुने जग्गा**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | तर्फ | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ८क | २२ | ०-१२-१ | दामोदर भो पश्चिम | ०-३-०-४ |
| धनुषा | रमदैया भवाडी | ६ख | २९ | ०-११-१६ | पश्चिम उत्तर पूर्व | ०-३-९-० |

**ख.नथुनी यादवको नाममा दर्ता हुने जग्गा**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | तर्फ | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ८क | २२ | ०-१२-१ | दक्षिण पश्चिम | ०-२-०-२ |
| धनुषा | रमदैया भवाडी | ६ख | २९ | ०-११-१६ | उत्तर पश्चिम | ०-२-१२-० |

**ग.रामचन्द्र यादवको अंशभागमा परि निजको हकभोग खाने छोराहरु दामोदर यादव र बिरेन्द्र यादवको संयुक्त नाममा दर्ता हुने जग्गा**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | तर्फ | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ८क | २२ | ०-१२-१ | रामनाथ यादवको पूर्व | ०-३-०-४ |
| धनुषा | रमदैया भवाडी | ६ख | २९ | ०-११-१६ | दक्षिण पूर्व | ०-३-९-० |

**घ.सुदामा देवी यादवको अंशभागमा परी निजको हकभोग खाने छोराहरु सुरेन्द्र यादव र जितेन्द्र यादवको संयुक्त नाममा दर्ता हुने जग्गा**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | तर्फ | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ८क | २२ | ०-१२-१ | उत्तर पश्चिम | ०-४-०-६ |
| धनुषा | रमदैया भवाडी | ६ख | २९ | ०-११-१६ | दक्षिण पश्चिम | ०-२-६-० |

## भूमिसुधारु तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा एकराही गा.वि.स.वडा नं.१ हाल परिवर्तित ब्रिदेह न.पा.वडा नं.६ मा बस्ने बासुदेव मंडलको बुहारी दिनेश्वर मण्डल केवटको पत्नी राम कुमैर देवी मण्डल-१ र ऐ.ऐ.मा बस्ने बाबुलाल मण्डलको नाती वासुदेव मण्डलको छोरा रामेश्वर मण्डल-१ समेतले हामीहरुको ससुरा/बुबा वासुदेव मण्डलको नाउँमा जि.ध.गा.वि.स.एकराही वडा नं.२ कि.नं.२०८ क्षेत्रफल ०-२-७ जग्गा नापनक्सा भएकोमा निज नापीको बखत अनुपस्थित भएको कारण दर्ता गर्न छुट भएकोमा निजको मिति २०५५/०२/१५ मा मृत्यु भई निजको हकभोग खाने पत्नी संझा देवीको मिति २०५३/०५/०९ मा मृत्यु भई निजहरुको हकभोग खाने छोराहरु जेठा छोरा रामेश्वर मण्डल र कान्छा छोरा दिनेश्वर मण्डल केवट भएकोमा दिनेश्वर मण्डल केवटको मिति २०८०/१२/२४ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी राम कुमैर देवी मण्डल भएकोले हामी निवेदकहरु रामेश्वर मण्डल-१ र राम कुमैर देवी मण्डल-१ समेत २ जनाको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१२०२७ मिति २०८२/१०/०७ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/१०/१४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | एकराही | २ | २०८ | ०-२-७ | जग्गाधनी- बासुदेव मण्डल प.एकराही बार्ड नं.१ बाबु-बाबु लाल वाजे-ऐटु मण्डल मौजे एकराही रैती नं.१४० |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

**सुचना प्रकाशन मितिः २०८२।१०।१६**

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय गौर, रौतहट।**

| क्र.सं | ग्राहक नं. | ग्राहकको नाम | ऋणीको पिता/पतिको नाम | ऋणीको वाजे/ससुराको नाम | ठेगाना | मिसिल नं | उद्देश्य | सांवा | २०८२ पुष मसान्त सम्मको व्याज | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५३४६७२० | सियाराम राउत | अशर्फि राउत कुर्मि | श्री किशुन राउत | बौदिमाई ३, मटिअर्वा | १२०७१ | कृषि कर्जा | ८०५००० | ३२००० | ८३७००० |
| २ | १८०००८७ | उज्जवल किराना पसल (प्रो. रम्भा देवी) | राम बहादुर राउत | नेमी राउत | बौदिमाई ४ | ११४६५ | ब्यापार कर्जा | १०००००० | ६०००० | १०६०००० |
| ३ | १६०२७३३ | काजल पशु फर्म (प्रो. राम पदारथ साह) | गेना साह | बन्ती साह | बैरिया ३ | ११८५५ | पशुपंक्षीपालन कर्जा | ८५०००० | ६५००० | ९१५००० |
| ४ | १७२२१७९ | सोनम गार्मेन्टस (प्रो. रामाकान्त प्रसाद पटेल) | राम विलास राउत | जनक राउत | ईनर्वा २ | ११७७४ | ब्यापार कर्जा | २३५०००० | १७५००० | २५२५००० |
| ५ | ९२०४८६ | सोनाच्छी ट्रेडर्स (प्रो. मुकुन्द साह) | ब्रहम नरायण साह | अनुठा साह | भलोहिया ०४ | ११५७५ | ब्यापार कर्जा | ३५००००० | ७५००० | ३५७५००० |
| ६ | ५३२२४७१ | सिता गोट फर्म (प्रो. सिता कुमारी ) | पति : राजेश्वर पंडित | जुगुत पंडित | गौर ४, गढवम | १२०९२ | सरल कृषि कर्जा | ११५०००० | ९४००० | १२४४००० |
| ७ | १९५०५६९ | जयसवाल कृषि फर्म (प्रो. विसुन दयाल प्रसाद कल्वार) | गोनौर साह | प्रगास साह | ईनर्वा ७ | ११९७७ | पशुपंक्षीपालन कर्जा | १०००००० | १५०००० | ११५०००० |
| ८ | ९१९९६८ | असर्फि ठाकुर हजाम | शिवचारी ठाकुर हजाम | माहादेव ठाकुर | नर्कटिया १ | ८५३३ | सरल कृषि कर्जा | ९०००० | १६००० | १०६००० |
| ९ | ९१९२९७ | सुकृत राउत | शिवगोविन्द राउत | जुगल राउत | ईनर्वा ४ | ७४४० | ब्यापार कर्जा | २००००० | २५००० | २२५००० |
| १० | ९१९९४२ | रिना देवी | पतिः राम संजिवन ठाकुर | अभिमान ठाकुर | भुनखुनवा ४ | ११०८६ | ब्यापार कर्जा | १२५००० | २६००० | १५१००० |
| ११ | ९२०५७४ | तेतरी कुर्मिन | पतिः अनुठा राउत कुर्मि | | अजगैवि ९ | ७१९९ | कुषि कर्जा | ३७००० | १५००० | ५२००० |
| १२ | ९२०३८४ | राजेश प्रसाद पटेल | कपिलदेव राउत कुर्मि | लखिचन राउत | ईनर्वा १ | ११४६४ | ब्यापार कर्जा | २००००० | ३५००० | २३५००० |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज, पर्सा

# कमला नदीमा अस्थायी 'डाइभर्सन'



**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी राजमार्गअन्तर्गत धनुषा-सिरहा सिमानामापर्नेकमलानदीमाअस्थायी 'डाइभर्सन' निर्माण भएपछि सवारी आवत-जावत सहज भएको छ।

वर्षौंदेखि भासिएको पुलको विकल्पमा 'ह्युमपाइप' राखेर डाइभर्सन बनाइएपछि साना-ठूला सबै प्रकारका सवारीसाधन सञ्चालनमा सहजता भएपछि दुवैक्षेत्रका वासीहरु खुसी छन् । सातादिन अघिदेखि नै सार्वजनिक सवारी चल्न थालेको जानकारी दिँदै सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले भने, "हाल सबै प्रकारका सवारीसाधनहरूको सहज आवत-जावत शुरु भइसकेको छ। यसले स्थानीय बासिन्दा र छोटो रुटबाट मधेस प्रदेशको राजधानी जनकपुर जाने यात्रुलाई ठूलो राहत मिलेको छ।" अस्थायी पुल निर्माण भएसंगै स्थानीय युवाले निर्माण गरेको बाँसको पुलबाट शुल्क तिरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता हटेको छ। वर्षायाममा बाँसको पुल बाढीले बगाउँदा स्थानीयले डुङ्गाको सहारामा ज्यान जोखिममा राखेर नदी वारपार गर्दै आएका थिए।

विगत १४ वर्षदेखि अलपत्र अवस्थामा रहेको यहाँको पुल निर्माणकार्य अझैसम्म पनि निर्माण भइ नै रहेको छ। आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ हाल दैनिक ४० देखि ५० जना कामदार 'फिनिसिङ' र मर्मतको काममा खटिएका निर्माण कम्पनीले जनाएको छ।

पप्पु लुम्बिनी जेभीले ठेक्का पाए पनि पप्पु कन्सट्रक्सन कालोसूचीमा परेपछि हाल लुम्बिनी बिल्डर्सले यहाँ काम गरिरहेको छ। निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले भन्नुभयो, "हामी बाँकी संरचनात्मक कामहरू द्रुत गतिमा गरिरहेका छौं, असार मसान्तभित्र पुलबाटै सवारीसाधन सञ्चालन हुने गरी काम सम्पन्न गर्ने हाम्रो लक्ष्य छ।"

विसं २०६८ मा तीन वर्षभित्र सम्पन्न गर्ने भन्दै निर्माण कार्य थालिएको पुल २०७८ साल असारमा आएको बाढीले दुईवटा पिलर भासिएर चारवटा स्ल्याबमा क्षति पुऱ्याएपछि समस्या भएको हो । पुल निर्माणमा ढिलाइ हुँदा सिरहा र धनुषाका स्थानीयवासी जोखिमपूर्ण अस्थायी बाटो प्रयोग गर्न बाध्य छन् । स्थानीय युवा सन्तोष यादवका अनुसार तत्कालीन मन्त्री घिसिङको पहलपछि पुल निर्माणले गति लिएको छ।

उनले भने, "लामो समयसम्म काम हुनसकेन, तर नागरिक सरकारको पहलपछि काम सम्पन्न हुने चरणमा पुगेको छ। डाइभर्सनले तत्काललाई सजिलो बनाए पनि अब तोकिएको समयमै पुल निर्माण सम्पन्न हुनुपर्छ । त्यसमा सबै गम्भीर बन्नुपर्छ।"

हुलाकी राजमार्गको मेरुदण्ड मानिएको कमला पुल निर्माण कार्य सम्पन्न हुनमा अझै केही समय लाग्ने भएको छ। तर समयमै निर्माण कार्य सम्पन्न हुनेमा स्थानीयवासी भने ढुक्क छैनन्।

# स्वास्थ्य बीमाको रकममा अस्पतालको मोह अन्त्य

**टुडे समाचारदाता**

जनकपुरधाम । करिब एक दशकदेखि प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम खर्च मापदण्डलाई पूर्ण रूपमा स्वास्थ्य बीमा बोर्डले खारेज गर्ने गरेको छ।

तत्कालीन सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले २०७३ साउन १० गते तय गरेको उक्त व्यवस्था अनुसार अस्पतालहरूले प्राप्त गर्ने भुक्तानीलाई औषधि, औजार, जनशक्ति, प्रोत्साहन भत्ता र प्रशासनिक खर्चका रूपमा निश्चित प्रतिशतमा बाँड्नुपर्ने प्रावधान रहेको थियो। तर पछिल्लो समय बिरामीको उपचार र औषधिमा खर्च हुनुपर्ने रकम स्वास्थ्यकर्मीको बोनस र प्रशासनिक विलासितामा बढी प्रयोग भएको व्यापक गुनासो आउन थालेपछि बोर्डले २४ पुसमा उक्त मापदण्ड खारेजीको निर्णय गर्दै १३ माघमा सबै सेवाप्रदायक अस्पतालहरूलाई परिपत्र जारी गरेको छ।




यसअघिको मापदण्डमा औषधिमा ३५ र औजारमा ३० प्रतिशत अनिवार्य खर्च गर्नुपर्ने भनिए पनि व्यवहारमा प्रोत्साहन भत्ता र व्यवस्थापन समितिका नाममा रकमको दुरुपयोग भइरहेको बोर्डले जनाएको छ । बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलद्वारा जारी परिपत्रमा अबदेखि बोर्डबाट प्राप्त हुने दाबी भुक्तानी रकम कुनै निश्चित प्रतिशतका आधारमा नभई प्रचलित कानुन, ऐन र नियम बमोजिम मात्र खर्च गर्न निर्देशन दिइएको छ।

बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार सुरुवाती चरणमा स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्न ल्याइएको उक्त अस्थायी व्यवस्थाले अहिले गुणस्तरीय सेवा प्रवाहमा बाधा पुऱ्याएको र स्वास्थ्य मन्त्रालयस्तरबाट समेत खर्चको पारदर्शितामा प्रश्न उठेकाले यसलाई हटाउनु आवश्यक देखिएको छ।

अबदेखि स्वास्थ्य बीमाको रकम अस्पतालहरूले आफ्नो तजबिजी अधिकार वा पुरानो प्रतिशतका आधारमा खर्च गर्न पाउने छैनन्। सबै खर्चहरू प्रचलित खरिद ऐन र वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको दायराभित्र रहेर विशुद्ध रूपमा औषधि, उपचार, आवश्यक उपकरण र जनशक्ति व्यवस्थापनमा केन्द्रित हुनुपर्नेछ । बोर्डको यो कदमले अस्पतालहरूलाई बोनस बाँड्ने प्रवृत्तिबाट रोकी बिरामीले पाउने सेवाको गुणस्तर सुधार गर्न र बीमा कार्यक्रमलाई थप पारदर्शी एवं उत्तरदायी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नुपर्नेमा नेता निधिको जोड



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले नेपालको प्रथम गणतान्त्रिक शहीद दुर्गानन्द झाको सपना जोगाउनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नु बताएका छन्।

नगराईन नगरपालिकामा बिहीबार शहीद दुर्गानन्द झाको शहादत दिवसको अवसरमा धनुषा निर्वाचन क्षेत्र नम्बर-३ अन्तर्गत विभिन्न स्थानमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा नेता निधिले गणतन्त्रविरुद्ध देखिन थालेका गतिविधिप्रति चिन्ता व्यक्त गरे।

उनले शहीदहरूको बलिदानीबाट प्राप्त लोकतान्त्रिक व्यवस्थामाथि कुनै पनि प्रकारको खतरा आउन नदिन सबै राजनीतिक शक्ति र नागरिक सचेत हुनुपर्नेमा जोड दिए।

उनले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३ स्थित लादोबेलामा रहेको शहीद झाको पूर्णकदको शालिक तथा जटहीस्थित शहीद दुर्गानन्द झा प्रवेशद्वारमाथिको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरेका थिए।

त्यस्तै वडा नम्बर-२३ मा आयोजित श्रद्धाञ्जली तथा योग साधना शिविर कार्यक्रमको नेतृत्व स्वर्गीय नेपालीका सुपुत्र वडाध्यक्ष राघवेन्द्र साहले गरेका थिए।

# 'अब कांग्रेसको अधिवेशनबाट फेरि सभापति बन्नु छ'

**टुडे समाचारदाता**

मलंगवा। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफूलाई आगामी महाधिवेशनबाट फेरि पार्टी सभापति बन्नु पर्ने भएकाले जनताको काम गरेर देखाउने चुनौती रहेको बताएका छन्।

सर्लाहीको निर्वाचन क्षेत्र नम्बर-४ मा बिहीबार मतदातालाई सम्बोधन गर्दै थापाले आफ्नो राजनीतिक परीक्षा र कामको सुरुवात भर्खरै भएको बताए।

सभापति थापाले भने, 'मेरो त भर्खर सुरु हुँदै छ। अब कांग्रेसको अधिवेशन गर्नु छ, त्यहाँबाट फेरि मलाई सभापति बन्नु छ, त्यसैले यहाँका मतदाताले जिताएर पठाएपछि हामीले गलत मान्छे छान्यौं भन्ने अवस्था म आउन दिन्नँ।'

उनले सर्लाहीका मतदाताको मन जित्न नसके वा एक जनाले मात्र गुनासो गर्ने अवस्था आए पनि त्यसले आफ्नो राष्ट्रिय राजनीति र आगामी सभापति बन्ने लक्ष्यमा ठूलो क्षति पुग्ने आफूले बुझेको बताए।

उनले भने, 'एक जनाले मात्रै पनि गुनासो गरे भने त्यसले मलाई ठुलो क्षति हुन्छ। त्यसैले एक जनालाई पनि गुनासो गर्ने मौका नआउने गरी मैले काम गर्नुपर्ने छ।'

आफू काम गर्नका लागि नै काठमाण्डुको सुरक्षित क्षेत्र छोडेर सर्लाही आएको प्रस्ट पार्दै उनले आगामी ५ वर्ष काम गरेर अर्को चुनावमा मतदाताले नै यो क्षेत्र छोड्न पाउँदैनौँ भन्ने अवस्था सिर्जना गर्ने दाबी गरे।



उनले भने, 'अहिले मत माग्न म तपाईंहरूको घरदैलोमा आएको छु, काम गरेर यस्तो वातावरण बनाउँछु कि अर्को पटक तपाईंहरू मेरो घरदैलोमा आएर यहाँबाटै उठ्नुपर्छ भन्नुहुनेछ।'

# मार्क्सवादी रोशन जनकपुरी सम्मानित



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रेस सेन्टर नेपालको २२ औं स्थापना दिवसको अवसरमा पत्रकार तथा साहित्यकार रोशन जनकपुरीलाई सम्मान गरिएको छ।

बिहीबार जनकपुरधाममा स्थापना दिवस मनाउँदै प्रेस सेन्टर नेपाल धनुषाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा वाम विचारकसमेत रहेका मार्क्सवादी जनकपुरीलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ।

सो क्रममा मार्क्सवादी जनकपुरीले क्रान्तिकारी पत्रकार संघको स्थापनाकालदेखि नै वर्गीय आन्दोलन र आवाजविहीनका आवाजहरुको आवाज बनेर अगाडि बढेको स्मरण गरे।

उनले जनयुद्धकालमा मुलुकको पाँच ठाउँबाट जनगणतन्त्र रेडियो स्थापना गरी जनपक्षीय र वर्गीय आन्दोलनमा योगदान दिएको समेत बताए।

उनले राज्यको आलोचना गर्ने वाम र मार्क्सवाद अलग अलग विषयवस्तु भएको बताउँदै यसतर्फ पनि छलफल बहस हुनुपर्ने बताए।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का नेता मातृकाप्रसाद यादवले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा जनताले आफ्नो विवेक प्रयोग गरी निर्भिकतापूर्वक मतदान गर्न आग्रह गरेका छन्।

बिहिबार जनकपुरधाममा पूर्वमन्त्रीसमेत रहेका नेता यादवले कसैले पनि जनतालाई जालझेल र षड्यन्त्र गरी ठग्न नसक्ने भन्दै जनताले यसपटक पनि उम्मेदवार हरुको अग्नीपरीक्षाको सामना गर्न तयार हुनुपर्ने बताए।

धनुषा- १ का उम्मेदवारसमेत रहेका नेता यादवले पटकपटक जनताले आन्दोलनकारी नेतालाई साथ दिँदै आएकाले यसपटक जनताका लागि विचार, नीति भएका, जनताको साथमा रहने र जनताको मर्म, भावना तथा जनविकासका लागि अहोरात्र खट्नेलाई अवश्य पनि मनन गर्नुपर्ने बताए । यसपटक पनि जनताको हक अधिकार, संघीयता गणतन्त्रमाथि प्रहार गर्नेहरुलाई तह लगाउनुपर्ने बताए।

नेता रामललित मण्डलले मुलुकमा आमुल परिवर्तन भए पनि परम्परागत रुपमा निर्वाचित हुँदै आएका र विरासतमै सत्ता र विलासिता भोगेकाले जनताको वास्तविकता समस्याको पहिचान गर्न र समाधान गर्नतर्फ अग्रसर नभएको बताए । धनुषा- ३ का उम्मेदवारसमेत रहेका नेता मण्डलले विगतदेखि नै जनतासंग मत लिने तर जनताको मतको दुरुपयोग गर्दै भ्रष्टाचार गर्नेतर्फ उद्धत भएको बताए।

त्यस्तै जेन- जी युवा संजयकुमार महतोले श्रमजीवि पत्रकारका लागि प्रेस सेन्टरले खेलेको योगदानको प्रशंसा गरे। उनले जनमुखी र वर्गीय पक्षधरता पत्रकारितालाई निरन्तरता दिनुपर्ने सुझाए।

मार्क्सवादी जनकपुरीलाई नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका संस्थापक महासचिव किरण कर्ण र सेन्टर धनुषाका अध्यक्ष दीपककुमार मिश्रले दोसल्ला ओढाएर सम्मान गरेका थिए।

प्रेस सेन्टर नेपाल धनुषाका अध्यक्ष मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा नेकपाका नेता दीपक यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका महासचिव शैलेन्द्र महतोले शुभकामना मन्तव्य राखे भने समाजवादी प्रेस संगठन धनुषाका अध्यक्ष विकास कुमार साहले उद्घोषण गरेका थिए।

# 'देश असली नायकको खोजीमा छ, बालेनजस्ता नक्कली होइनन्'

**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले देश अहिले राष्ट्रियता, लोकतन्त्र र अर्थतन्त्र जोगाउन सक्ने "असली नायक" को खोजीमा रहेको बताएका छन् । उनले काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहलाई लक्षित गर्दै "नक्कली नायक" बाट देश नजोगिने टिप्पणी गरे।




बिहीबार रौतहटको मौलापुरमा आयोजित पार्टीको विशेष प्रशिक्षण कार्यक्रममा बोल्दै साहले अहिलेको राजनीतिक परिस्थिति गम्भीर संकटपूर्ण रहेको बताए।

"राष्ट्रियता, लोकतन्त्र र अर्थतन्त्र नै संकटमा छन्। यसलाई जोगाउन सक्कली नायक चाहिएको छ । गरिब, निमुखा र भुइँमान्छेको सेवक चाहिएको छ," उनले भने, "देशले बालेन शाहजस्ता नक्कली नायक खोजेको छैन।"

साहले "ठग, भ्रष्टाचारी र लुटेराहरू" बाट मुलुकको भविष्य सुरक्षित नहुने दाबी गरे।

अध्यक्ष साहले वर्तमान सरकार एकपक्षीय भएको आरोप लगाए। उनले केही दलका नेताहरूलाई राज्यले विशेष सुरक्षा दिएको तर पूर्वमन्त्री तथा पूर्वसांसदहरूको सुरक्षाकर्मी फिर्ता गरिएको भन्दै आपत्ति जनाए।

"यो सरकार नै एउटा दल विशेषको जस्तो देखिएको छ," साहले भने, "मन्त्रीहरू आफ्नो जिम्मेवारीभन्दा पनि अर्को दलबाट संसद् छिर्ने दाउमा छन्।"

नेता साहले पछिल्लो "जेनजी आन्दोलन" पनि गलत हातमा परेको दाबी गरे । आन्दोलनमा योगदान दिनेहरू अहिले उपेक्षित भएको तर अवसरवादीहरू सत्तामा पुगेको उनको भनाइ थियो।

"जेन- जी आन्दोलनको मर्ममाथि प्रहार भएको छ । घाइतेहरूको अवस्था नाजुक छ, तर आन्दोलन अपहरण गर्नेहरू सत्तामा छन्," उनले आरोप लगाए।

साहले काठमाण्डु महानगरपालिकाको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै बालेन शाहले साना व्यवसायी र सडक व्यापारिहरूलाई मारमा पारेको आरोप लगाए।

"गरिबलाई लखेट्ने, सुकुम्बासीलाई दुःख दिने काम भएको छ," उनले भने, "देश सामाजिक सञ्जालको क्रेजले मात्र बन्दैन।"

आगामी २१ फागुनमा हुने निर्वाचन पछि आम जनता पार्टीले सफलता पाउने र "आम जनताको सरकार" बन्ने साहको दाबी छ।

# अदालत अगाडि प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । सात महिनाकी गर्भवती अंशु महतोको हत्याकाण्डमा संलग्न दोषीलाई कडा कारबाहीको माग गर्दै धनुषा जिल्ला अदालत अगाडि प्रदर्शन गरिएको छ।

जनकपुरधाममा बिहीबार जिल्ला अदालत अगाडि पीडितहरुको एक समूहले अंशु महतो हत्या प्रकरणमा कर्तव्य ज्यान भएको दाबी गर्दै उनीहरुले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएका थिए।

उनीहरूले घटनाको निष्पक्ष छानबिन गर्दै हत्याकाण्डमा संलग्न सबै दोषीलाई कानुनी दायरामा ल्याएर कडा भन्दा कडा सजाय दिन सरकार र न्यायिक निकायसँग माग गरेका छन्। साथै, पीडित परिवारलाई न्याय सुनिश्चित गर्न राज्यले प्रभावकारी कदम चाल्नुपर्ने मागसमेत गरेका छन्।

पीडित परिवारका अनुसार अंशु कुमारीको विवाह २०८० वैशाख ११ गते शिवकुमार महतोसँग भएको थियो। विवाहपश्चात् दाइजोसम्बन्धी अतिरिक्त माग गर्दै मानसिक तथा शारीरिक दबाब दिइँदै आएको र सात महिनाकी गर्भवती अवस्थामा समेत मृतकले निरन्तर हिंसा र दुर्व्यवहार सहनुपरेको परिवारको दाबी छ।




परिवारले २०८२ असोज १३ गते दिउँसो छोरीसँग टेलिफोन सम्पर्क गर्ने प्रयास गर्दा विस्तृत जानकारी नदिई फोन काटिएको र सोही दिन साँझ स्वास्थ्य अवस्था गम्भीर भएको भन्दै अस्पताल लगिएको जानकारी समयमै नदिइएको आरोप लगाएको छ । यसले घटनालाई शंकास्पद बनाएको भन्दै निष्पक्ष छानबिनको माग गरिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जाहेरी दर्ता भएपछि आरोपित शिवकुमार महतोलाई पक्राउ गरी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको छ । यस विषयमा प्रतिक्रिया लिन खोज्दा प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले आफू हाल बाहिर रहेको जानकारी दिए।

यद्यपि अंशु महतोको ससुराली घर बटेश्वर गाउँपालिका- १ स्थित चित्रपुरमा रहेको छ भने माइती घर श्रीरेश्वरनाथ नगरपालिका- ९ स्थित इच्छापुरमा रहेको छ।

# वडा अध्यक्ष र सदस्य पदमुक्तिका लागि आयोगमा सिफारिस

**सञ्जय मिश्रा**

रौतहट । नेकपा एमाले रौतहटले पार्टी अनुशासन उल्लङ्घन गरेको आरोपमा पाँच जना नेतामाथि कारबाही प्रक्रिया अघि बढाएको छ । जिल्ला कमिटीको बैठकले एक वडा अध्यक्ष र एक वडा सदस्यलाई पदबाट हटाउन निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णयसमेत गरेको जनाएको छ।

गरुडा स्थित पार्टी कार्यालयमा बिहीबार बसेको बैठकले मधेश प्रदेश कमिटी सदस्य अन्सु सिंह, उनका श्रीमान् तथा हालै सम्पन्न महाधिवेशनमा केन्द्रीय सदस्यमा पराजित बबन सिंह, युवा सङ्घ नेपाल रौतहटका जिल्ला संयोजक मुन्ना यादव, गरुडा नगरपालिका-५ का वडा अध्यक्ष रामबाबु चौधरी र चन्द्रपुर नगरपालिका-४ की वडा सदस्य प्रेमकुमारी तिमल्सिनामाथि कारबाहीको सिफारिस गर्ने निर्णय गरेको हो।

एमाले रौतहट सचिव बाबुराम दाहालले वडा अध्यक्ष चौधरी र वडा सदस्य तिमल्सिनालाई पदमुक्त गर्ने प्रक्रिया अघि बढाउन निर्वाचन आयोगमा औपचारिक पत्र पठाइने जानकारी दिएका छन्।

उनका अनुसार पार्टी हितविपरीत गतिविधि गरेको ठहर भएपछि कारबाहीको सिफारिस गरिएको छ । "संगठनात्मक अनुशासन र मर्यादाविरुद्ध जाने जो कोहीलाई पनि छुट नदिने सन्देश दिन यो कदम चालिएको हो," दाहालले बताएका छन्।

यस निर्णयसँगै एमाले रौतहटले जिल्लाभित्र संगठन अनुशासन कडाइका साथ कार्यान्वयन गर्ने संकेत दिएको छ । राजनीतिक वृत्तमा भने यस कदमलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी
कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको पुनः प्रवेश परिक्षाको
Online आवेदन फाराम भर्ने



सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आरक्षण कोटा र विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहन गएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/१०/१५ गते सम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि ०३१-५९०५५५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८